का.जि.प्र.का.द.नं. १००/०५९/६०
१ साउन २०७९,
आइतबार
17 July 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्नें
वर्ष २०, अंक १६२ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com




# देउवाको चर्को आलोचना

प्रधानमन्त्री शेरबहादुर देउवाको आफ्नै पार्टीभित्र चर्को आलोचना भएको छ । खासगरी सरकार संचालनको विषयलाई लिएर कांग्रेस नेताहरुले केन्द्रीय समितिको बैठकमा सभापति समेत रहेका देउवाको आलोचना गरेका हुन् ।



हामी पनि पार्टीको जिम्मेवार मान्छे हौं, पार्टीलाई बलियो बनाउन भनेरै लागेका छौं । त्यो भनेर फेरि हामी सभापतिको हात बलियो बनाउन तेलको कचौरा लिएर पाखुरामा लगाउन जान चाँहि सक्दैनौं ।

**धनराज गुरुङ**
उपसभापति, नेपाली कांग्रेस



हामीले सल्लाह र परामर्श दिँदा दिँदै पनि सभापतिले विधानले दिएकै कामहरु समयमा गर्न सक्नुभएन, त्यसको दोष हामीहरुमाथि आउन थालेको छ ।

**गगन थापा**
महामन्त्री, नेपाली कांग्रेस



नेतृत्वको प्रशंसा गर्ने नाममा अर्को पक्षलाई होच्याउनु राजनीतिको विसंगत पाटो हो । यसतर्फ बेलैमा ध्यान दिनु बुद्धिमतापूर्ण हुन्छ ।

**विश्वप्रकाश शर्मा**
महामन्त्री, नेपाली कांग्रेस

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३२ असार ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको आफ्नै पार्टीभित्र चर्को आलोचना खेप्नु परेको छ। खासगरी सरकार संचालनको विषयलाई लिएर कांग्रेस नेताहरुले केन्द्रीय समितिको बैठकमा सभापति देउवामाथि अनेक कोणबाट प्रश्न गरेका छन् । पार्टी संचालनाको विषयमा पनि देउवाको कार्यशैलीमाथि प्रश्न उठाइएको छ ।

कांग्रेसका उपसभापति धनराज गुरुङले सभापति र सरकारलाई बलियो बनाउने आफुहरुको उद्देश्य रहेको बताए । तर, बलियो बनाउने नाममा कचौरामा तेल बोकेर जान नजाने उनको चेतावनी छ। उनले भनेका छन्, 'हामी पनि पार्टीको जिम्मेवार मान्छे हौं, पार्टीलाई बलियो बनाउन भनेरै लागेका छौं। त्यो भनेर फेरि हामी सभापतिको हात बलियो बनाउन तेलको कचौरा लिएर पाखुरामा लगाउन जान चाँहि सक्दैनौं ।'

सभापति देउवाले काम नगर्दा आफुहरुमाथि समेत दोष आउन थालेको महामन्त्री गगन थापाको टिप्पणी छ । उनले भनेका छन्, 'हामीले सल्लाह र परामर्श दिँदा दिँदै पनि सभापतिले विधानले दिएकै कामहरू समयमा गर्न सक्नुभएन, त्यसको दोष हामीहरूमाथि आउन थालेको छ।'

महामन्त्री थापाले सरकारको पनि आलोचना – बाँकी पृष्ठ २ मा



# ओलीको यूर्टन !

## वाम एकताका लागि ओलीले राखे सर्त, भन्छन्: कांग्रेस नेतृत्वको सरकार त्याग्नुहोस्

आगामी संघ र प्रदेशको चुनाव पनि एक्लै लड्ने बताइरहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले वाम तालमेलको सम्भावना रहेको बताए । तर उनले सर्त राखे- माओवादी केन्द्र र एकीकृत समाजवादी कांग्रेस नेतृत्वको सरकार छोडेर फिर्ता हुनुपर्छ ।



नेपालमा वामपन्थी पार्टीहरु छन् भने कांग्रेसका पछि नलाग्न, गठबन्धन छोड्न, देशघाती काम नगर्न, अनि एसपीपी नगर्न र वामपन्थी एकतामा आउन आग्रह गर्दछु ।

**केपी ओली**
**अध्यक्ष, नेकपा एमाले**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३२ असार ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले वाम तालमेलका लागि सार्वजनिक आह्वान गरेका छन् । विगतमा तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एकता जोगाउन नसकेको विषयमा आफ्नो कमजोरी नरहेको जिकिर गर्दै आएका अध्यक्ष ओलीले शनिवार सार्वजनिक कार्यक्रममार्फत कमजोरी भएको स्वीकार गरे । उनले पुन: वाम तालमेलका लागि आश्वान गरेका छन् ।

तर, वाम तालमेलका लागि उनको शर्त छ- नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी कांग्रेस नेतृत्वको वर्तमान सरकार छाडेर अगाडि बढ्नुपर्छ। उनले सरकार छाडेर वाम दलहरुलाई एकताका लागि आउन आग्रह गरेका हुन् ।

शनिबार संघीय काठमाडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले वामपन्थी एकताका लागि ओलीलाई आग्रह गरेका थिए। जवाफमा अध्यक्ष ओलीले सरकार छाडेर अगाडि बढ्न र वाम तालमेलका लागि वातावरण बनाउन आग्रह गरे ।

वाम तालमेलका लागि आग्रह गर्दै अध्यक्ष ओलीले नेपालको इतिहासमै सबैभन्दा बढी मुलुकको राष्ट्रियता र स्वाभिमान माथि हुर्मत लिने काम गरेको भन्दै सरकारको चर्को आलोचना गरे । अध्यक्ष ओली भन्दा अगाडि बोलेका माओवादी केन्द्रका नेता श्रेष्ठले वामपन्थी तालेमलका लागि कसैले घमण्ड गर्न नहुने बताएका थिए । उनले भनेका छन्, 'केपी ओली कमरेड यहाँ हुनुहुन्छ। विगतमा हामीले एकता जोगाउन सकेनौं। यसको आत्मसमीक्षा गरौं। सबैसँग विनम्रतातापूर्वक आग्रह गर्न चाहन्छु, तुम शेर तो, हम सवा शेर छोडिदिऊँ।' नेता श्रेष्ठले देशभक्तिपूर्ण आन्दोलनको – बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगारको गत वर्ष

# फेसलेस, पेपरलेस र क्यासलेस, श्रम कुटनीतिमा फड्को

**अशोक घिमिरे/रासस**
काठमाडौं, ३२ असार

वैदेशिक रोजगारीका क्रममा संयुक्त अरब इमिरेट्स (यूएई)मा रहेका दाङका विष्णु चौधरी गत वैशाखमा बिदामा नेपाल फर्किए । दुई महिने बिदा सकेर पुन: रोजगारीका लागि फर्कने क्रममा उनलाई पुन:श्रम स्वीकृति लिनका लागि विगतमा झैं झन्झट भने बेहोर्नु परेन । चौधरीले अनलाइनबाटै पुन: श्रम स्वीकृतिका लागि आवेदन गरे । वैदेशिक रोजगार कार्यालयले उनको आवेदन परीक्षण गरेर इमेल र मोबाइल नम्बरमा नै पुन:श्रम स्वीकृति प्रदान गरिएको विवरण पठायो । सोही विवरणका आधारमा चौधरी वैदेशिक रोजगारीका लागि यूएई गए ।

कास्कीका रामबहादुर सुनारको गत फागुनमा वैदेशिक रोजगारीकै क्रममा रहँदा साउदी अरेबियामा निधन भयो । रियादस्थित दूतावासको सहयोगमा उनको शव नेपाल ल्याएर दाहसंस्कार सम्पन्न भयो। सुनारको श्रीमती सुनिताले पोखरा महानगरपालिकाबाट नै आर्थिक सहयोग (क्षतिपूर्ति)का लागि वैदेशिक रोजगार बोर्डमा आवेदन पठाइन्। सोही आवेदनका आधारमा वैदेशिक रोजगार बोर्डले क्षतिपूर्तिबापत पाउनुपर्ने सात लाख उनको बैंक खातामा ट्रान्सफर गरिदियो । क्षतिपूर्तिका लागि दाबी गर्न उनी राजधानी आइराख्नु परेन ।

राजधानीस्थित एक निजी कम्पनीमा कार्यरत पुरुषोत्तम नेपाल स्वास्थ्य समस्या देखिएपछि उपचारका लागि अस्पताल पुगे । उनले अस्पतालमा उपचार गरेको सम्पूर्ण खर्चको २० प्रतिशत मात्र व्यहोरे । बाँकी रकम नेपालले तिर्नुपरेन । छ महिना अगाडिदेखि उनले सामाजिक सुरक्षा कोषमा आबद्ध भई नियमित योगदान गरिरहेका थिए। उपचारका क्रममा नेपालले कोषले उपलब्ध गराएको परिचयपत्र देखाए । नेपालको उपचारमा लागेको खर्चमध्येको ८० प्रतिशत रकम अस्पतालले सामाजिक सुरक्षा कोषबाट भुक्तानी लियो । यसअघि पनि उपचारका लागि अस्पताल जाँदा आफैंले सम्पूर्ण खर्च व्यहोरेको र बिल बुझाएर सो रकम पछि कोषबाट फिर्ता पाएको उनको अनुभव थियो । यसपटक भने नेपालले २० प्रतिशत मात्रै खर्च तिर्नुपर्यो। यी उदाहरण मात्र हुन्। पछिल्ला – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## हिमालय एयरलाइन्सको कुवेत सिधा उडान




**काठमाडौं/मस-** हिमालय एयरलाइन्सले काठमाडौं-कुवेत-काठमाडौं सिधा उडान शुरु गरेको छ । यस उडानले वैदेशिक रोजगारी तथा बजार प्रवर्द्धनका लागि कुवेत जाने नेपाली व्यवसायी तथा कामदारलाई सहज हुनेछ। हिमालय एयरलाइन्सले शुक्रबार आफ्नो पहिलो निर्धारित – बाँकी पृष्ठ २ मा

**प्रचण्डको दिल्ली भ्रमण**

# एजेण्डा: सन्धि र इपिजी

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुअघि प्रचण्डले दिल्लीबाट सार्वजनिक रुपमै १९५० को सन्धि पुनरावलोकन गर्न र नेपाल-भारत प्रवुद्ध (इपिजी) बुझ्न भारत तयार हुनुपर्ने भनी प्रष्ट भनेका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३२ असार ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' भारत भ्रमणमा छन् । भ्रमणका क्रममा उनले सार्वजनिक कार्यक्रमहरुमार्फत नेपाल-भारतबीचको असल छिमेकीपनलाई समस्यामुक्त बनाउनुपर्ने बताएका छन् । यसका लागि इतिहासले छाडेको केही मुद्दाहरुलाई कूटनीतिक पहल र संवादबाट समाधान गर्नुपर्नेमा उनको जोड छ। अर्थात, १९५० को सन्धि पुनरावलोकन गर्न र नेपाल-भारत प्रवुद्ध (इपिजी) बुझ्न भारत तयार हुनुपर्ने उनको प्रष्ट धारणा छ ।



शनिवार फाउन्डेशन फर पब्लिक अवार्नेस एण्ड पोलिसीले नयाँदिल्लीमा आयोजना गरेको एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रच्ण्डले नेपाल-भारतबीच भएको सन् १९५० को सन्धि पुनरावलोकन गर्नुपर्ने बताएका हुन्। कूटनीतिक संवादमार्फत् दुई मुलुकबीचमा देखिएका समस्या समाधान गरेर जानुको विकल्प रहेको उनको भनाई छ ।

भारतीय पक्षले इपिजी प्रतिवेदन बुझ्न नमानेको भनी नेपालमा भइरहेको बहस र नेपालीहरुको बुझाइलाई समेत प्रचण्डले ओकल्ने प्रयास गरे । उनले नेपाल-भारत प्रवुद्ध समूहले तयार पारेको प्रतिवेदनलाई दुई मुलुकबीचको सम्बन्धमा अझ प्रगाढ बनाउने गरी ग्रहण गरेर अघि बढनुपर्नेमा जोड दिए। शुक्रबार भारत भ्रमणमा गएका प्रचण्डले शनिबार भारतीय विदेशमन्त्री एस जयशंकरसँग भेटवार्ता गरे ।

प्रचण्डले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्ने कार्यक्रम पनि छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नु अघि प्रचण्डले दिल्लीबाट सार्वजनिक रुपमै १९५० को सन्धि पुनरावलोकन गर्न र नेपाल-भारत प्रवुद्ध (इपिजी) बुझ्न भारत तयार हुनुपर्ने भनी प्रष्ट भनेका हुन्।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ साउन २०७९, आइतबार
17 July 2022, Sunday

# आज साउने सक्रान्ति

**काठमाडौं/मस–** आज साउनको पहिलो दिन अर्थात साउने सक्रान्ति पर्व हिन्दु धर्मावलम्बीहरुले मनाउँदै छन्। मानो खाई मुरी उव्जाउने कथन अनुसार असार महिनाभर धान रोपाईको काम सकिएपछि साउने सक्रान्ति पर्व मनाउने प्रचलन छ।

आजकै दिनबाट सूर्य कर्कट राशीमा प्रवेश गर्ने भएकाले यसलाई कर्कट सक्रान्ति पनि भनिन्छ। महिनाभर हिलोमा पसेर खेतीपाती गर्दा लुतो आउन सक्ने भएकाले किसानहरु शरिर सफा राखी किसानहरु लुतो फाल्ने गर्दछन् ।



कागती, अम्वा, अनार नास्पाती, आदी फलफुल चढाई कण्डारक नामक राक्षसको पूजा गर्नाले लुतो, खटिरा जस्ता चर्मरोगको प्रकोपबाट वच्न सकिने विश्वास रहिआएको छ ।

महिलाहरु साउने सङ्क्रान्तिका दिनदेखि एक महिना सौभाग्यको प्रतीक हरियो चुरा र मेहन्दी लगाउनाका साथै शिवलाई प्रसन्न पार्न सोमबारे व्रत बस्छन् । साउन महिना भगवान शिवको महिना भएकोले यो महिनाभर शिवालयहरुमा दर्शनार्थीहरुको अत्याधिक भिड लाग्छ ।

# २५ वर्षमा २६ लाखलाई सेवा

**झापा/मस–** झापाको बिर्तामोडस्थित मेची आँखा अस्पतालले करिब २६ लाख जनालाई सेवा प्रदान गरेको छ। स्थापनाको २५ वर्षको अवधि (सन् १९९६ देखि २०२२ को हालसम्म)मा अस्पतालले २५ लाख ९४ हजार ८१३ जनालाई सेवा प्रदान गरेको मेची आँखा अस्पताल व्यवस्थापन समितिका उपाध्यक्ष सुरेश वंशलले जानकारी दिए ।

स्थापनाताका सन् १९९६ मा ८१३ जनाले सेवा पाएकामा सन् २०२२ को हालसम्ममा ८३ हजार ९८९ जनाले सेवा लिइसकेका छन्। सोही अवधिमा तीन लाख ३४ हजार ७०८ जनाको आँखाको शल्यक्रिया गरिएको छ भने दुई लाख २५ हजार ७५८ वटा आँखा शिविर सञ्चालन गरिएको छ । सो शिविरअन्तर्गत २६ हजार बढीको निःशुल्क शल्यक्रिया गरिएको अस्पतालले जनाएको




छ । त्यस्तै निःशुल्क औषधि र चश्मा पनि उपलब्ध गराउने गरिएको छ ।

आँखा अस्पतालमा आउने जो-कोहीले सेवा नलिइ नर्फिएको अस्पताल व्यवस्थापन समिति अध्यक्ष जलकुमार गुरुङले बताए । ‘आर्थिकरूपमा सेवा लिन नसकेकाहरूलाई निःशुल्क उपचार गर्ने गरेका छौँ’, उनले भने, ‘खाने बस्ने सुविधासँगै जाने बेलामा यातायात खर्च पनि दिन्छौँ, अहिलेसम्म अस्पतालमा आएर त्यसै फर्किएका छैनन् ।’

अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. पुरुषोत्तम जोशीले अस्पतालले समुदाय लक्षित कार्यक्रमलाई विशेष जोड दिएको बताए । ‘सामाजिक उत्तरदायित्वलाई विशेष प्राथमिकता दिएका छौँ’, उनले भने, ‘२०२० मा ८० प्रतिशत लक्ष्य हासिल गरेका थियौं ।’ उनले दिगो विकासको अवधारणाअन्तर्गत आँखा उपचार पनि रहेकाले सोहीअनुरुप आफूहरु लागिपरेको उाको भनाइ छ। अस्पतालमा आँखासम्बन्धी सामान्यदेखि अक्लोप्लाष्टिक, रेटिना, आँखा नानी सङ्कलनलगायतका विशिष्ट सेवा प्रदान गरिँदै आएको छ ।

अस्पतालले हालसम्म १० हजारभन्दा बढीलाई आँखासम्बन्धी स्वास्थ्य तालिम दिइसकेको छ भने अस्पतालमा कार्यरत १९४ कर्मचारीलाई समेत विभिन्न तालिममा सहभागी गराइएको अस्पताल व्यवस्थापन समितिका सचिव गणेश पोखरेलले बताए ।

मेची आँखा अस्पतालले झापा, उदयपुर, पाँचथरका विभिन्न आठवटा स्थानमा सेवा केन्द्र स्थापना गरेर सेवा प्रदान गर्दै आएको छ । अस्पतालले निकट भविष्यमा आँखासँगै नाक, कानको उपचारसमेत सञ्चालन गर्ने जनाएको छ । अस्पतालमा नेपालका झापा, इलाम, मोरङ, सुनसरी, पाँचथर, ताप्लेजुङलगायत जिल्लासँगै भारतको दार्जिलिङ, सिक्किम, बङ्गाल, बिहारका आँखाका बिरामी सेवा लिन आउने गर्दछन् । अस्पताललाई आइकेयर फाउण्डेशन नेदरल्याण्डको विशेष सहयोग रहँदै आएको छ ।

# फोहोर व्यवस्थापनमा काठमाडौंलाई सहयोग गर्छौं: चन्द्रागिरि नगरपालिका

**काठमाडौं/मस–** चन्द्रागिरि नगरपालिकाले फोहोर व्यवस्थापनमा काठमाडौं महानगरपालिकालाई सहयोग गर्दै थप सहकार्यसमेत गर्ने प्रतिबद्धता जनाएको छ । यसका लागि उपत्यकाभित्रको ठूलो क्षेत्रफल भएका ती पालिकाका प्रमुखका बीचमा पहिलोपटक आपसी संवादसमेत भएको छ ।



काठमाडौं महानगरले भोलिदेखि फोहोर व्यवस्थापनअन्तर्गत कुहिने र नकुहिने फोहोर अलग-अलग संकलन गर्न सुरूआत गर्दैछ ।

‘स्रोतमा नै फोहोर नमिसाउने’ अभियानअन्तर्गत महानगरले आइतबार र बुधबार कुहिने र सोमबार र शुक्रबार नकुहिने फोहोर संकलन गर्न लागेको जनाइएको छ। जनचेतना जगाउन उसले घरदैलो अभियान जारी राखेको छ ।

चन्द्रागिरिका प्रमुख घनश्याम गिरी र कामपा प्रमुख बालेन्द्र शाहबीच शनिबार चन्द्रागिरि नगपालिकामा भएको भेटवार्तामा फोहोर व्यवस्थालगायत अन्य क्षेत्रमा सहकार्य गर्दै जाने विषयमा छलफल भएको छ ।

छलफलमा प्रमुख गिरीले भने, ‘फोहोर व्यवस्थापन साझा समस्या भएकाले काठमाडौं महानगरपालिका अवलम्बन गरेको नीतिलाई सधैं साथ र सहयोग गर्न चन्द्रागिरि नगरपालिका प्रतिबद्ध छ। सकेसम्म नगर क्षेत्रबाट उत्पन्न हुने फोहोर नगरपालिकाभित्रै व्यवस्था गर्ने नीति लिएका छौं।’

उनले कुहिने फोहोरबाट कम्पोष्ट मल बनाई आयआर्जनको माध्यम बनाउन निजी क्षेत्रलाई नगरपालिकाले उत्प्रेरणा दिइरहेको जानकारी दिँदै फोहोर व्यवस्थामा काठमाडौं उपत्यकाका नगरपालिका बीचमा एकीकृत नीतिका साथ सहकार्य आवश्यक रहेको बताए ।

नगरप्रमुख गिरीले कुहिने र नकुहिने फोहोर अलग-अलग राख्न नगर क्षेत्रमा जनचेतना जगाइने र यसका लागि विद्यालय, धार्मिक संघसंस्था, गुठीका साथ जनप्रतिनिधिलाई परिचालन गरिने जानकारी दिए ।

शाहले पनि महानगरसँग जोडिएका अन्य नगरपालिकामा पनि कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी फोहोर संकलन गर्न आग्रह गरेका थिए ।

‘स्रोतमा नै फोहोर नमिसाउने अभियान महानगरपालिकाले सञ्चालन गर्दैछ। साझा अभियानले नै सफलता प्राप्त गर्न सक्छ,’ उनले भने, ‘यसमा उपत्यकाका सबै नगरपालिकाको साथ र सहयोग आवश्यक पर्छ। फोहोर व्यवस्थापन साझा समस्या हुन् मिलेर समाधान निकाल्न म आग्रह गर्दछु।’ उनले फोहोरको लागि दीर्घकालीन समाधान खोज्नुपर्ने पनि बताए ।

‘फोहोर व्यवस्थापन गर्न विकेन्द्रित नीति आवश्यक हुन्छ। उपत्यकाका फोहोर व्यवस्थापन मानसिक समस्या हो। यसको दीर्घकालीन समाधान खोजिनुपर्छ,’ उनले भने, ‘यसका लागि मैले प्राथमिकताका साथ काम गरेको छु ।’

### सार्वजनिक शौचालयका लागि जमिन उपलब्ध

छलफलमा चन्द्रागिरि वडा नं १५ का वडाध्यक्ष घनश्याम लुइँटेलले महानगरसँग सीमा जोडिएको कलंकीमा सार्वजनिक शौचालय बनाउन आवश्यक भएको जोड दिँदै यसका लागि आफ्नो वडाले जमिन उपलब्ध गराउने जानकारी दिए ।

चन्द्रागिरि-२ का ६ वडाध्यक्ष भाइकृष्ण तामाङ, वडा नं ६ का सञ्जय सिग्देल, ८ का प्रल्हाद रिजालले महानगरपालिकासँग नीतिगत सहकार्य र एकताका साथ नगरपालिका अगाडि बढ्ने बताए ।

महानगरले हरेक आर्थिक वर्षमा काठमाडौं उपत्यकाभित्रका १८ नगरपालिकालाई एक करोड प्रदान गर्दै आएको छ ।

## ओलीको...

अगुवा शक्ति वामपन्थीहरु भएको उल्लेख गर्दै अहिले वामपन्थीहरुले एकअर्कालाई सिध्याउने, तल पार्ने मेसो चलाउँदा सबै सिद्धिने दिशातिर गइरहेको बताए। देशको अस्थित्व संकटमा पर्न नदिनका लागि पनि वाम एकता आवश्यक रहेको उनको तर्क छ ।

## देउवाको...

गरे । विगतमा केपी शर्मा ओली नेतृत्वको सरकारलाई गरेका प्रश्नहरु आफ्नै पार्टी नेतृत्वको सरकारलाई गर्नुपर्ने अवस्था आएको भन्दै उनले रोष प्रकट गरे ।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले पार्टीभित्र निषेधको राजनीति नगर्न नेतृत्वलाई आग्रह गरे । नेतृत्वको प्रशंसा गर्ने नाममा अर्को पक्षलाई होच्याउनु राजनीतिको विसंगत पाटो भएको भनी उनले नेतृत्वमाथि प्रश्न उठाए । डा. शेखर कोइराला समूहले उठाएको मुद्दालाई समेत ध्यान दिनुपर्नेमा उनको जोड छ। उनले भने, ‘नेतृत्वको प्रशंसा गर्ने नाममा अर्को पक्षलाई होच्याउनु राजनीतिको विसंगत पाटो हो । यसतर्फ बेलैमा ध्यान दिनु बुद्धिमतापूर्ण हुन्छ ।’

## वैदेशिक...

एक वर्षयता श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतका कार्यालयले सेवाग्राहीलाई ‘फेसलेस’, ‘पेपरलेस’ र ‘क्यासलेस’ सेवा प्रवाह गर्न थालेको छ । प्रविधि प्रयोग गरी सेवा प्रवाह हुन थालेसँगै सर्वसाधारणले ठूलो राहत महसुस गर्न थालेका छन् । काठमाडौंस्थित वैदेशिक रोजगार कार्यालयले श्रम स्वीकृतिको सबै काम अनलाइन प्रणालीबाट मात्र हुने व्यवस्था गरेसँगै त्यहाँबाट हुने सेवा प्रवाह प्रभावकारी बनेको छ।

‘सूचना प्रविधिका माध्यमबाट श्रम स्वीकृतिलाई ‘फेसलेस’, ‘पेपरलेस’ र ‘क्यासलेस’ बनाई छिटो, छरितो र पारदर्शीरुपमा गुनासोरहित सेवाप्रवाह हुन थालेको छ,’ कार्यालय प्रमुख रमेश अर्यालले भने, ‘सेवाग्राहीको भौतिक उपस्थितिमा सेवाप्रवाह गर्दा विभिन्न गुनासो सुन्नुपर्नाका साथै कर्मचारीहरुले समेत रातिसम्म काम गर्नुपर्दथ्यो। अहिले त्यो समस्या हटेको छ।’

कार्यालयले २०७८ माघ २ गतेदेखि पुनः श्रम स्वीकृति, २०७९ वैशाख २ गतेदेखि संस्थागत श्रम स्वीकृति र २०७९ जेठ ६ गतेदेखि नयाँ व्यक्तिगत श्रम स्वीकृति अनलाइन प्रणालीबाट मात्र जारी गर्न थालेसँगै कार्यालयमा दैनिक हुने दुई हजारभन्दा बढीको भीड हटेको छ । अहिले सेवाग्राहीको गुनासो सुन्न नपरेको र कर्मचारीसमेत समयमै घर जान पाएका छन् । अनलाइनका कारण सेवाग्राहीको लागतमा पनि कमी आएको छ । सेवाप्रवाहका चार चरण घटाई दुई चरण कायम गरी काम छिटोछरितो भएको छ।

अहिले दैनिक दुई हजारदेखि दुई हजार ५सय जना सम्मको श्रम स्वीकृति अनलाइनबाटै हुने गरेको छ। अनलाइन आवेदनका आधारमा क्रमैसँग काम हुने गरेको छ। कुनै सेवाग्राहीको कागजात अपुग भएमा म्यासेज पठाएर थप विवरण अनलाइनबाटै मगाउने गरिएको प्रमुख अर्यालको भनाइ थियो । वैदेशिक रोजगारसँग सम्बन्धित सेवालाई ‘डिजिटलाइज्ड’ गर्दै आएको कार्यालयले कल्याणकारी सेवासम्बन्धी कार्य पनि अनलाइनबाटै प्रवाह गर्न थालेको छ । २०७८ साउन देखि २०७९ जेठसम्म दुई लाख ७७ हजार ३१९ जनाले संस्थागत श्रम स्वीकृति, दुई लाख ५८ हजार ५७८ जनाले पुनःश्रम स्वीकृति र ३१ हजार ९३९ जनाले नयाँ व्यक्तिगत श्रम स्वीकृति लिएका छन् । आव २०७७-०७८ मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या एक लाख ६७ हजार भएकामा आर्थिक वर्ष २०७८-०७९ को जेठ महिनासम्म पाँच लाख ६७ हजार ८४० पुगेको छ।

### हेल्प डेस्क स्थापना

सेवाग्राहीका समस्या समाधान गर्न, जानकारी एवं सूचना प्रवाह गर्न हेल्प डेस्क स्थापना गरिएको मन्त्रालयले जनाएको छ। वैदेशिक रोजगारसम्बन्धी समस्या हेर्ने गरी छुट्टै प्रहरी एकाइ गठन गर्ने तयारी भएको छ भने हाल वैदेशिक रोजगार विभागमा प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रहरी युनिट स्थापना गरिएको छ । सरकारले नयाँ गन्तव्य मुलुकका रुपमा बेलायत, माल्दिभ्स, सिसेल्स र इजरायल (निर्माण श्रमिकको लागि) सँग श्रम सम्झौताका लागि श्रम वार्ता तीव्ररुपमा अगाडि बढाएको छ । बेलायतसँको श्रम सम्झौता अन्तिम चरणमा छ । सरकारले १७८ मुलुकमा नेपालीलाई व्यक्तिगत श्रम स्वीकृति लिएर जान खुला गरेको छ । यस्तै १११ मुलुकमा संस्थागतरुपमा श्रम स्वीकृति लिएर जान पाइने व्यवस्था छ।

सरकारले गत चैत १४ गतेदेखि वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायतालगायत अन्य सेवाहरू अनलाइनबाट प्रवाह गर्न थालेको छ। उक्त सेवा प्रवाह गर्न वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइएको छ । वैदेशिक रोजगार नियमावली, २०६४ (पाँचौं संशोधन) मा श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएको कामदारको करार अवधिमा वा करार अवधि समाप्त भएको एक वर्षभित्र कुनै कारणले मृत्यु अङ्गभङ्ग वा सख्त बिरामी भएमा घटना भएको मितिले एक वर्षभित्र बोर्डबाट नियमानुसारको आर्थिक सहायता वा क्षतिपूर्तिका लागि स्थानीय तहमार्फत निवेदन दिन सकिने व्यवस्था छ। नियमावलीमा रहेको उक्त व्यवस्थालाई थप सरल र सहज बनाउने उद्देश्यले बोर्डको सचिवालयबाट अनलाइन सफ्टवेयर प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको हो । यसका लागि श्रम मन्त्रालय (मन्त्रिस्तर) को २०७८ फागुन २९ को निर्णयबाट वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८ समेत स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ ।

उक्त कार्यविधिमा उल्लेखित श्रमिकको मृत्यु, अङ्गभङ्ग र सख्त बिरामी भएमा नियमानुसार पाइने आर्थिक सहायता, शैक्षिक छात्रवृत्ति, श्रमिकको परिवारले पाउने स्वास्थ्य उपचार खर्च, अलपत्र शव नेपाल झिकाउने, अलपत्र श्रमिकलाई उद्धार गरी स्वदेश ल्याउने, निःशुल्क शव ढुवानीलगायत सेवा बोर्डको सचिवालयबाट अनलाइन प्रणालीमार्फत प्रवाह गर्न थालिएको छ । वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका श्रमिकका इच्छाइएको व्यक्तिले नियमानुसार पाउने बीमा रकमको भुक्तानीका लागिसमेत सेवाग्राहीले यस प्रणालीको प्रयोग गर्नसक्ने व्यवस्था गरिएको छ।

अनलाइन प्रणाली प्रयोग गरी स्थानीय तहमार्फत प्राप्त हुन आएका निवेदन तथा तोकिएबमोजिमका कागजात सचिवालयमा प्राप्त भएलगत्तै बोर्डबाट नियमानुसार पाउनुपर्ने क्षतिपूर्ति वा आर्थिक सहायता रकम भुक्तानी सेवा प्रदायक संस्थामार्फत स्थानीय तहबाट किटानी सिफारिस गरेको सेवाग्राही वा नजिकको हकदारको बैंक खातामा सिधैं भुक्तानी गरी सोको जानकारी मोबाइल एसएमएसमार्फत सम्बन्धित व्यक्तिलाई जानकारी दिने व्यवस्था मिलाइएको छ।

सामाजिक सुरक्षा कोषले योगदानकर्ताको स्वास्थ्योपचार सेवालाई प्रभावकारी बनाउँदै लगको छ । कोषले यही असार २० गतेदेखि सूचीकृत स्वास्थ्य संस्थाबाट अनलाइन प्रणालीमार्फत औषधि उपचार सेवा प्रारम्भ गरेको छ । अब योगदानकर्ताले कोषले उपलब्ध गराएको परिचयपत्र देखाएर उपचार सुविधा पाउनेछन् । यसबाट योगदानकर्तालाई कोषमा माग दाबी गर्न उपचार गरेको फाइल पेश गर्नुपर्ने बाध्यता अन्त्य भएको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षाबापतको सुविधा लिँदा कोषले तोकेको सीमाभित्र योगदानकर्ताले २० प्रतिशत भुक्तानी गरी बाँकी ८० प्रतिशत रकम र दुर्घटनाबापतको सुविधा लिँदा कोषले तोकेको सीमाभित्र शतप्रतिशत रकम कोषबाट नै सम्बन्धित स्वास्थ्य संस्थालाई भुक्तानी हुनेछ। कोषमा सूचीकृत एक सय बढी अस्पतालमध्ये पहिलो चरणमा २७ अस्पतालबाट ‘क्यासलेस’ सेवा शुरु भइसकेको छ।

### श्रम कुटनीतिमा क्रमभंगता

वर्तमान सरकार गठनपछि नेपालको श्रम कूटनीति विस्तार उल्लेखनीय रह्यो । विश्वव्यापी कोरोना महामारीका बीच श्रम क्षेत्रमा सुधारका प्रयत्न जारी रहे। लामो समयदेखि कर्मचारीको तहमा सीमित नेपालको श्रम कूटनीतिमा गत वर्ष ‘क्रमभङ्ग’ भयो । श्रम कूटनीति विस्तारमा सरकारको उच्चस्तरीय प्रतिनिधिमण्डलको सक्रिय सहभागिता रह्यो । गत चैत पहिलो साता तत्कालीन श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले प्रमुख श्रम गन्तव्य संयुक्त अरब इमिरेट्स (यूएई), कतार र पूर्वी अफ्रिकी मुलुक भ्रमण गरी श्रम कूटनीतिलाई प्रभावकारी बनाउन भूमिका निर्वाह गर्‍यो ।

सोही क्रममा श्रममन्त्रीको उपस्थितिमा नेपाल-यूएई संयुक्त समितिको दोस्रो बैठक यूएईको राजधानी आबुधावीमा सम्पन्न भयो । बैठकमा यूएईबाट नेपाल सरकारले दक्ष जनशक्ति उत्पादन गर्ने ध्येयले स्थापना गर्न लागेको सीप विकास केन्द्रलाई सहयोग गर्ने, यूएईमा रोजगारी गरी नेपाल फर्केका श्रमिकलाई सहयोग गर्ने गरी सञ्चालन हुने पुनःएकीकरण योजनामा नेपाल सरकारको प्रस्तावअनुसार सहयोग गर्ने प्रतिबद्धता व्यक्त भयो ।

त्यस्तै यूएईमा रहेका नेपालीलाई कामका आधारमा विभिन्न १९ क्षेत्रमा वर्गीकरण गरी त्यसमध्ये पाँच वटा क्षेत्रमा श्रमिक भर्ना प्रक्रिया पूर्णतः निःशुल्क गर्ने गरी ‘पाइलट प्रोजेक्ट’ अघि बढाउन पनि यूएई सहमत भयो।

यही अवधिमा नेपाल र पूर्वी अफ्रिकी मुलुक सिसेल्सबीच द्विपक्षीय श्रम सम्झौता गर्ने सहमति भयो। द्विपक्षीय श्रम सम्झौतालाई टुङ्गोमा पुर्‍याउन संयुक्त कार्यदल गठन गर्ने दुवै देश सहमत भए । वैदेशिक रोजगारीका लागि नेपाली कामदार लैजान सिसेल्सले नेपाललाई द्विपक्षीय श्रम सम्झौताको प्रस्ताव पठाएको थियो । सिसेल्स जाने श्रमिकको न्यूनतम योग्यता, भाषागत क्षमता, न्यूनतम पारिश्रमिकलगायत सेवा सुविधा, कामदार छनोट र स्वदेश फिर्तीलगायत विषयमा संयुक्त कार्यदलले अध्ययन गरिरहेको छ।

श्रम गन्तव्य विविधीकरणका विषयमा सरकारले खाडीबाहेकका मुलुकसँग संवाद बढायो । नेपालीलाई उच्च आय हुने मुलुकलाई रोजगारीका लागि पठाउने उद्देश्यले संयुक्त अधिराज्य (बेलायत)सँग पनि विभिन्न चरणमा द्विपक्षीय संवाद भए। सरकारले तुलनात्मकरुपमा उच्च पारिश्रमिक प्राप्त हुने मुलुक तथा काममा नेपालीलाई रोजगारी दिलाउन पहल गरिरह्यो । नेपाल र बेलायतबीच श्रम समझारी गर्ने तयारी अन्तिम चरणमा पुगेको र छिट्टै कार्यान्वयनमा आउने मन्त्रालयले जनाएको छ।

## हिमालय...

उडान सफलतापूर्वक सञ्चालन गरेको जनाएको छ ।

एयरलाइन्सले एयरबस ३२० विमानले हरेक शुक्रबार काठमाडौंदेखि कुवेत र हरेक शनिबार कुवेतदेखि काठमाडौं उडान सञ्चालन गर्ने छ । उक्त विमान कम्पनीका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट शुक्रबार राति २२:३२ बजे प्रस्थान गरी कुवेतबाट बिहान ०९:१७ बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको थियो । हिमालय एयरलाइन्स काठमाडौंलाई कुवेतसँग सिधा जोड्ने नेपालको पहिलो वायुसेवा कम्पनी भएको भन्दै विज्ञप्तिमा यात्रुलाई प्रभावकारी अन्तर्राष्ट्रिय हवाई सेवा उपलब्ध गराउँदै हिमालयको काठमाडौं-कुवेत-काठमाडौं सेक्टरको शुरुवात पनि सोही भावनाअनुरुप रहेको बताएको छ ।

# जडीबुटी बीमा लागू

**काठमाडौं/मस–** बीमा समितिले कृषि, पशुपक्षी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ जारी गरेको छ । जारी निर्देशिका आइतबारबाट लागू भएको छ ।

यसअघि जारी भएको बीमा निर्देशिका २०७७ भने खारेजी भएको बीमा समितिका कार्यकारी निर्देशक एवं प्रवक्ता राजुरमण पौडेलले जानकारी दिए । नेपाल सरकारले आर्थिक वर्ष २०७९/८० को बजेटमा जडीबुटी खेतीको बीमा गर्ने व्यवस्था गरिने उल्लेख गरेअनुसार समितिले जडीबुटीलाई समेत समावेश गरी सो निर्देशिका जारी गरेको हो ।

निर्देशिकामा बीमा कम्पनीले आफूलाई तोकिएको जिल्लामा कृषि, पशुपक्षी तथा जडीबुटीको बीमा व्यवसाय गर्नुपर्ने, जिल्लास्थित कृषि ज्ञानकेन्द्र वा कृषि तथा पशुसेवा कार्यालय नजिकको स्थानमा बीमकले शाखा कार्यालय खोल्नुपर्ने, बीमक आफैंले तयार गरी समितिको स्वीकृतिमा जारी गरेको बीमा लेखको हकमा तथा अनुदान प्राप्त नहुने बीमा लेखको हकमा छोटो अवधिका लागि बीमा लेख जारी गर्न सक्ने र कृषि, पशुपक्षी तथा जडीबुटी बीमा सामूहिकरुपमा गर्न सकिने व्यवस्था रहेको छ ।

# भुक्तानी पाउन नसकेका योजनालाई निरन्तरता

जनकपुरधाम/मस- मधेश प्रदेशसभा बैठकले आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन भई भुक्तानी पाउन नसकेका योजनालाई आर्थिक वर्ष २०७९/८० मा समावेश गर्न प्रदेश सरकारलाई निर्देशन दिएको छ। प्रदेशसभाको शनिबार बसेको बैठकमा प्रदेशसभा सदस्यले प्रदेश सरकारको कमजोरी र कर्मचारीको लापरवाहीका कारण आफूहरूको संसदीय कोषबाट सञ्चालित योजनाको समयमा भुक्तानी नहुँदा समस्या भएको भन्दै जरुरी सार्वजनिक महत्वको प्रस्ताव ल्याएपछि सभामुख सरोजकुमार यादवले प्रदेश सरकारलाई यस्तो निर्देशन दिए ।

‘प्रदेश सरकारले आर्थिक कार्यविधिअन्तर्गतका ऐन, कानुन र नियमावली बनाउन नसक्दा आवको अन्तिममा योजनाको भुक्तानी रोकिएर समस्या भएको हो’, सभामुख यादवले भने, ‘प्रदेश सरकारले समयमा आर्थिक कार्यविधिअनुसार नियमावली तयार नगर्दा अझै पनि संघीय सरकारकै आर्थिक कार्यविधिअनुसार भुक्तानी हुँदै आएको छ । तसर्थ प्रदेश सरकारले तत्काल आर्थिक कार्यविधिअनुसारको ऐन, कानून र नियमवाली तथा सर्भर निर्माण गर्न सरकारलाई यो प्रदेशसभाको बैठकले निर्देशन दिन्छ ।’

यस्तै बैठकले आव २०७८/७९ मा सञ्चालन भई भुक्तानी हुन नसकेका योजनालाई आव २०७८/७९ मा समावेश गर्न र भुक्तानीको व्यवस्था मिलाउन सरकारलाई निर्देशन दिएको सभामुख यादवले बताए । साथै आवको अन्तिममा भुक्तानी दिन लापरवाही गर्ने र कार्यालयमा अनुपस्थित हुने कर्मचारीमाथि कारबाही गर्न समेत प्रदेशसभा बैठकले सरकारलाई निर्देशन दिएको छ। शनिबार दिउँसो बसेको बैठकमा प्रदेशसभा सदस्यहरूले सम्पन्न भइसकेका योजनासमेत भुक्तानी रोकिँदा उपभोक्ता मारमा परेको भन्दै भुक्तानी हुन नसक्नुमा कसको कमजोरी हो भन्ने छानबिन गर्न मागसमेत गरेका थिए । प्रदेशसभाको बैठकमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्नुहुँदै प्रदेशसभा सदस्य शैलेन्द्रकुमार यादवले संसदीय कोषबाट सञ्चालन भएको र सम्पन्न भइसकेका योजनाको समेत भुक्तानी नहुँदा उपभोक्ता मारमा परेकाले यो प्रस्ताव ल्याएको बताए ।

‘अधिकांश योजना सम्पन्न भइसक्दा पनि भुक्तानी हुन सकेन’, उनले भने, ‘यसमा दोषी को ? उपभोक्ता, सरकार वा कर्मचारी ? यसका विषयमा छलफल हुनुपर्छ, त्यसैले यो प्रस्ताव ल्याएको हुँ’, उनको भनाइ थियो ।

सो प्रस्तावको समर्थन गर्दै प्रदेशसभा सदस्यहरूले योजनाको भुक्तानी किन रोकिएको हो भन्नेबारेमा सरकारको जवाफसमेत माग गरेका थिए । बैठकमा प्रदेशसभा सदस्य परमेश्वर साह, किशोरी साह (कमल), उपेन्द्र महतो, सुरिता साह, रानी शर्मा तिवारी, शिवचन्द्र चौधरी, नेत्रविक्रम साह, डा. रीना यादव, रवीन्द्र बैठा, पारसप्रसाद साहलगायतले जरुरी सार्वजनिक महत्वको प्रस्तावमा समर्थन गर्नुहुँदै सम्पन्न भइसकेका योजनाको अबिलम्ब भुक्तानीको व्यवस्था मिलाउन सरकारसँग माग गरे । प्रदेशसभा सदस्यहरूबाट उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साहले असार २५ गते रातिदेखि सर्भर बन्द भएकाले चालु आर्थिक वर्षको भुक्तानी गर्न नसकिएको जानकारी दिनुहुँदै असार ३२ गतेसम्म भुक्तानीको व्यवस्था मिलाइदिन संघीय सरकारसँग माग गरे पनि उपलब्धिमूलक परिणाम आउन नसकेको बताए । आव २०७८/७९ मा सञ्चालन भई भुक्तानी हुन नसकेका योजनालाई आव २०७९/८० मा समावेश गरी भुक्तानीको व्यवस्था मिलाइने प्रतिबद्धता मन्त्री साहले व्यक्त गरेका थिए ।


**सूचना ! सूचना !! सूचना !!!**

यस इण्डष्ट्रिज प्रा.लि.ले गर्भवती र सुत्केरी महिला, बालबालिका, किशोरीहरु तथा वृद्धवृद्धा आदीका लागि स्वचालित मेशिनबाट उत्पादन भएको पोषणयुक्त तयारी पौष्टिक आहार (Ready To Eat Nutrition Food) आ.व. ०७९/०८० को असार मसान्त सम्मको लागि अधिकतम मुल्य तपशिल बमोजिम गरिएको व्यहोरा जानकारी गराईन्छ ।

| विवरण | प्रति के.जी मुल्य (रुपैया) | कैफियत |
|---|---|---|
| **तयारी पौष्टिक आहार** (हलुवा/खीर/स्पेशल खीर/खिचडी/मिक्स खिचडी/ मिठो दलिया/नमकिन दलिया/पोषिलो पोहा/पोषिलो बार/पोषिलो स्नेक्स/पोषिलो चना चामल/पोषिलो राजमा चामल ईत्यादी) | ३४९।– | मु.अ.कर सहित |

**नोट :** १. कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका लागि माथि उल्लेखित तयारी पौष्टिक आहारको मुल्य रु. ४७९ प्रति के.जी. हुनेछ ।
२. माथि उल्लेखित दर भाउ ढुवानी/स्पेसल प्याकेजिङ/लोडिङ/अनलोडिङ बाहेक रहेको जानकारी गराईन्छ ।

**नेपाल स्वस्थ फुड ईण्डष्ट्रिज प्रा.लि.**
**विराटनगर–५, मोरङ**

## काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन

# आइतबार, बुधबार कुहिने, सोमबार, शुक्रबार नकुहिने फोहोर उठाइने

**काठमाडौं/मस-** आजदेखि काठमाडौं महानगरपालिकाले कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै दिनमा संकलन गर्ने भएको छ ।

वातावरण तथा कृषि विभागले फोहोर उत्पादकका नाममा सूचना जारी गर्दै कुहिने फोहोर आइतबार र बुधबार तथा नकुहिने फोहोर सोमबार र शुक्रबार संकलन हुने जनाएको छ ।

सूचनामार्फत महानगरले सम्भव भएसम्म जैविक फोहोरबाट गड्यौले वा कम्पोष्ट मल बनाएर कौसी तरकारी वा करेसाबारीमा प्रयोग गर्न अनुरोध गरेको छ । यस्तै नकुहिने तर पुनः प्रयोगमा आउन सक्ने फोहोरलाई पुनः प्रयोग गर्न गर्न पुन चक्रिय फोहोर कवाडी संकलकलाई बेचेर आय आर्जन गर्न भनिएको छ । यस्तै प्लाष्टिकका झोलाको सट्टा कागज वा कपडाका झोलाको प्रयोगमा जोड दिन आग्रह गरिएको छ ।

फोहोरलाई स्रोतमा नछुट्याउने उत्पादकलाई प्रत्येक पटक ५ सय रुपैयाँ जरिवाना गरिनेछ । २०६८ सालमा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र २०७७ सालमा काठमाडौं महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम जरिवाना तिराइने विभागको भनाइ छ ।

ऐनमा फोहोरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ । यसअनुसार उत्पादकले भान्सामा जैविक र अजैविक फोहोरलाई छुट्टाछुट्टै भाँडामा राख्नुपर्नेछ ।

काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह (बालेन) ले कुहिने र नकुहिने फोहोरलाई भान्छामै छुट्याउन नगरबासीलाई आग्रह गरेका छन् । फोहोर वर्गीकरणका लागि सचेतना फैलाउन वातावरण तथा कृषि विभागले आयोजना गरेको कार्यक्रममा भेटिएका नागरिकहरुसँग कुरा गर्दै प्रमुख शाहले यस्तो आग्रह गरेका हुन् ।

महानगरले आजदेखि कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै दिनमा र छुट्टाछुट्टै सवारी साधनमा संकलन गर्दैछ । यसका लागि फोहोर उत्पादकले तोकिएको दिनमा तोकिएबमोजिम प्रकृतिको फोहोर मात्र निकाल्नु पर्नेछ । यदि कसैले मिसिएको फोहोर निकाल्यो भने एक पटकमा ५ सय रुपैयाँसम्म जरिवाना हुने विभागका प्रमुख सरिता राईले जानकारी दिइन् ।

२०६८ सालमा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र २०७७ सालमा काठमाडौं महानगरले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम सहरी सरसफाइ र स्वच्छताका लागि ऐनलाई प्रभावकारी बनाउन लागिएको हो ।

ऐनमा फोहोरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ । यसअनुसार उत्पादकले भान्सामा जैविक र अजैविक फोहोरलाई छुट्टाछुट्टै भाँडामा राख्नुपर्नेछ ।




शनिबारको सचेतना कार्यक्रम भित्री वडा लक्षित थियो । त्यसमा वडा १८, १९, २०, २४ र २५ वडामा पुगेर नागरिकहरुलाई महानगरको फोहोर बर्गीकरण सम्बन्धी कार्यक्रमका बारेमा जानकारी गराइएको थियो । यस क्रममा इन्द्रचोक, मखन, यट्खा, नरदेवी, बाङ्गेमुढा, क्षेत्रपाटीलगायत क्षेत्रमा माइकिङ्सहितको सचेतना र्‍याली पुगेको थियो ।

र्‍यालीको समापन गर्दै वडा २५ का अध्यक्ष राजेश डंगोलले सहरी सभ्यताका लागि स्वच्छता अभियानमा साथ दिन वडाबासीलाई आग्रह गरे ।

विभागले शुक्रबार वडा १२, २१, २२, २३ लगायत क्षेत्रमा सचेतना कार्यक्रम सम्पन्न गरेको विभाग प्रमुख राईको भनाइ छ ।

जैविक फोहोरबाट गड्यौले वा कम्पोष्ट मल बनाएर कौसी तरकारी वा करेसाबारीमा प्रयोग गर्न महानगरको अनुरोध छ ।

नकुहिने तर पुनः प्रयोगमा आउन सक्ने फोहोरलाई पुनः प्रयोग गर्न सकिन्छ । पुनः चक्रिय फोहोर कवाडी संकलकलाई बेचेर आय आर्जन गर्न सकिन्छ । महानगरले नागरिक दायित्वका विषयमा भनेको छ, 'भान्छामा फोहोर उत्पादन हुने बेलामै कुहिने र नकुहिने गरी २ भागमा बाँड्न सकिन्छ । यसो गर्‍यो भने त्यसपछि व्यवस्थापनका पक्षमा सजिलो हुन्छ । अब प्लाष्टिकका झोलाको सट्टा कागज वा कपडाका झोलाको प्रयोग बढाउनुपर्छ ।'

## 'युवासँग वडाध्यक्ष' कार्यक्रम

काठमाडौं महानगरपालिका वडा नं ७ ले 'युवासँग वडाध्यक्ष' कार्यक्रम सम्पन्न गरेको छ । वडाले सम्पादन गर्ने पूर्वाधार, सहरी सेवा तथा व्यवस्थापनमा युवाहरुका सोचलाई सामेल गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका महामन्त्री एवं काठमाडौं क्षेत्र नं. ४ का संघीय संसद सदस्य गगनकुमार थापाले, युवाहरुबाट व्यक्त भएका गुनासा, जिज्ञासा तथा मागका रुपमा आएका सवालहरुलाई वडाले सम्बोधन गर्नपर्ने बताए । कतिपय प्रश्नको आफैं उत्तर दिन सक्छ । कतिपय सवालहरुका सन्दर्भमा समन्वय गर्नपर्ने हुन्छ । वडाबाट यो काम हुन्छ भन्नेमा मैले विश्वाश लिएको छु । संसद सदस्य थापाको भनाइ थियो ।

कार्यक्रमका बारेमा जानकारी दिँदै वडाध्यक्ष बिमलकुमार होडाले, युवाहरु के सोच्नुहुन्छ भन्ने विषयमा जानकारी लिन उनीहरुलाई डाकेर कार्यक्रम गरिएको बताए । कार्यक्रममा व्यक्त धारणा र सोचलाई वडा व्यवस्थापनमा उपयोग गरिने व । स्वास्थ्य, शिक्षा र पूर्वाधार सुधारका लागि काम गर्ने वडाध्यक्ष होडाको भनाइ थियो ।

कार्यक्रममा वडा क्षेत्रको विकास तथा व्यवस्थापनका लागि सक्रिय युवाहरुले आफूले गरिरहेको काम, त्यसबाट प्राप्त नतिजा र दिगो उपयोगका लागि वडाबाट गरिएको अपेक्षाबा विषयमा प्रस्तुतीकरण गरेका थिए । उनीहरुको प्रस्तुतिमाथि सहभागी युवाहरुले प्रश्न तथा जिज्ञासा राखेका थिए । ती सवालहरुका विषयमा प्रस्तुतकर्ता, वडाध्यक्ष र संघीय संसद सदस्यले उत्तर दिएका थिए ।

कार्यक्रममा मानसिक स्वास्थ्यको समस्या र समाधानका उपाय, शारीरिक स्वास्थ्य जाँच र उपचार, खानेपानी र सडकमा बेचिने खाद्य बस्तुको गुणस्तर, फोहोरमैला व्यवस्थापनजस्ता विषयमा प्रश्न आएका थिए । यसै गरी लोक सेवा आयोगबाट सेवामा प्रवेशको बाटो, पर्यटन र उद्यमशीलताजस्ता विषयमा युवाहरुको सहभागिता खोजिएको थियो । वडाले सस्तो पसल खोल्नु पर्ने, सडक व्यापारलाई नियन्त्रित र गुणस्तरीय बनाइनुपर्ने, पैदल मार्ग निर्वाध हुनुपर्ने, वडाको कुन ठाउँमा कुन निकायले के काम गरिरहेको छ ? यदि कसैले जानकारी लिन चाह्यो भने सजिलै प्राप्त गर्न सकिने संयन्त्र हुनुपर्ने युवाहरुको माग थियो । कार्यक्रममा वडा सदस्यहरु उज्जल अर्याल, सुरेश शाही र कल्पना सुन्दासलगायत जनप्रतिनिधिहरु सहभागी थिए ।

# लागूऔषध गाँजासहित २ जना पक्राउ



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३२ असार

सशस्त्र प्रहरी रामपुर खापले अवैध लागूऔषध गाँजासहित २ जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

परोहा नगरपालिका वाड नं ९ रामपर खापको सीमा नाकाबाट अवैध लागूऔषध ३ केजी गाँजा सहित प्रहरीले २ जनालाई पक्राउ गरेको रामपुर खापका सशस्त्र प्रहरी स प्र ना नी कृष्णन्दन यादवले जानकारी दिए ।

पक्राउ पर्नेहरुमा माधवनरायण नगरपालिकाका वाड नं ७ का राजेश साह र भारत राज्यको पुर्वीचम्पारण बिहार कोरैया जमुनिया ८ का ३२ वर्षीय मनी शंकर साह रहेका छन् ।

बि.वो.पी रामपुर खापबाट सशस्त्र प्रहरी सहायक निरीक्षक अनिल कुमार सिंहको कमान्डमा खटिएको टोलीले भारततर्फ जाँदै गरेको बि आर ०६ वाई ५४८५ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा कालो प्लाष्टिकमा लुकाई छिपाई लैजाँदै गरेको उक्त परिमाणको लागूऔषध गाँजा फेला पारी पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय गौर बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# हावाहुरीले शैल्यशिखरमा घरको छाना उडायो, परिवारको बिचल्ली

**दिपक बाबू साउाद/मध्यान्ह**
दार्चुला, ३२ असार



शुक्रबार रातिको हावाहुरीले दार्चुलाको शैल्यशिखर नगरपालिका ५ बजानी दलित बस्तीमा रहेको १ घरको छानो उडाएपछि परिवारको बिचल्ली भएको छ । तीव्र बेगमा आएको हावाहुरीका कारण सुन्दरी बादीको जस्तापाताले छाएको घरको छानो उडाएको स्थानीय महेश राम नेपालीले मध्यान्हलाई बताए ।

घरको टिनको छानो हावाले उडाएसँगै आएको पानी घरभित्र पस्दा घरभित्र रहेको अन्नपात भिजेर क्षति भएको छ । साथै गोठमा बाँधेको गाईलाई पनि चोटपटक लागेको पीडित बादीले बताइन् । वडा कार्यलय टिमले अवलोकन गरेर फर्किएको भएपनि क्षेतिको विवरण भने आइसकेको छैन । वडा अध्यक्ष जनक डागाले उक्त बारेमा नगरपालिकालाई सिफारीस गर्ने र आफुले गर्न सक्ने सक्दो सहयोग गर्ने बताएका छन् । हावाहुरीका कारण घरको छानो उडाउँदा मकै बालीमा समेत क्षति पुर्याएको स्थानीयहरुले बताएका छन् ।

# हापुरेमा २३ जनाले गरे रक्तदान

**रामप्रसाद सुवेदी/मध्यान्ह**
हापुरे, ३२ असार




दाङको बबई गाउँपालिकाको हापुरेमा २३ जनाले रक्तदान गरेका छन् । लायन्स क्लब अफ दाङ बबई छहराको आयोजना तथा नेपाल रेडक्रस सोसाईटी दाङ शाखाको प्राविधिक सहयोगमा हापुरेको माता मनकामना पोलिक्लिनक प्रालिको प्राङ्गणमा आयोजित कार्यक्रममा १ महिला र २२ पुरुष गरि २३ जनाले रक्तदान गरेका हुन् ।

लायन्स क्लब अफ दाङ बबई छहराका अध्यक्ष प्रेम बहादुर वलीको अध्यक्षता, तथा लायन्स क्लब अफ इन्टरनेशनल डिस्ट्रीक ३२५ एनका डिस्ट्रीक चिफ टेकन कडेलको प्रमुख आतिथ्यता तथा नेपाल रेडक्रस सोसाईटी दाङ शाखा सदस्य भिमलाल मरासिनीको विशिष्ट आतिथ्यतामा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो ।

लायन्स क्लब अफ दाङ बबई छहराका पृथ्वीनारायण पौडेलको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रममा स्थानीय, प्रहरी, संचारकर्मी, राजनीतिक दलका प्रतिनिधि, व्यवसायी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन लायन्स क्लब अफ दाङ बबई छहराका सचिव निमराज सापकोटाले गरेका थिए ।

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा गृहमन्त्रीको चासो

**काठमाडौं/मस-** गृहमन्त्री बालकृष्ण खाणले मानव-वन्यजन्तु द्वन्द्व समाधानका लागि कसरी अगाडि बढ्ने भन्ने विषयमा सम्बन्धित मन्त्रालय र जिल्लाका अधिकारीहरुसँग छलफल गरेका छन् ।

मन्त्री खाणले वन तथा वातावरण मन्त्रालयका सचिव डा प्रेमनारायण कँडेल, बर्दियाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोला र झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालसँग वन्यजन्तु र नागरिकबीचको द्वन्द्व कम गर्ने विषयमा छलफल गरेका हुन् । झापामा जङ्गली हात्ती मृत भेटिएको र बर्दियामा नागरिकमाथि पटक पटक बाघको आक्रमण हुन थालेपछि समस्या समाधानको पहलका लागि गृहमन्त्री खाणले सम्बन्धित निकायका प्रमुखसँग शनिबार फोनमा कुराकानी गरेका हुन् ।



बर्दियाको मधुवन नगरपालिका-१, २ र ३ मा जङ्गली जनावरले नागरिकलाई पटक-पटक आक्रमण गर्ने गरेका छन् । गत जेठमा बाघले पटक पटक आक्रमण गरेपछि मधुवन नगरपालिका-२ का स्थानीय बासिन्दाले आन्दोलन गरेका थिए ।

उक्त घटनापछि मधुवन नगरपालिकाका प्रमुख तेजबहादुर भाटसहितको टोलीले काठमाडौं आएर प्रधानमन्त्री शेरबहादुर देउवा र गृहमन्त्री खाणलाई भेटी वन्यजन्तुको आक्रमण रोक्न जङ्गल र बस्तीबीचमा तारबारको व्यवस्था गर्न माग गरेको थियो । तारबार कसरी र कुन निकायमार्फत गर्ने भनेर गृहमन्त्री खाणले आफूसँग छलफल गरेको बर्दियाका प्रजिअ बस्तोलाले जानकारी दिए ।

वन क्षेत्रबाट बाघ बस्तीमा प्रवेश गर्न नपाऊन् भनेर तारबारका लागि जिल्लाबाट बजेट छुट्याउन केन्द्रमा माग गरिएको पनि प्रजिअ बास्तोलाले बताए । गृहमन्त्री खाणले वन सचिव कँडेलसँग पनि जङ्गली जनावर बस्तीमा पस्न नदिन के के गर्न सकिन्छ भनेर छलफल गरेका थिए । गृहमन्त्री खाणले झापाका प्रजिअ रिजालसँग त्यो जिल्लाको घटनास्थितिका बारेमा जानकारी लिएका थिए ।

**कोहलपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोहलपुर, बाँके**
**(लुम्बिनी प्रदेश, नेपाल)**

**आ.व.२०७९/०८० को लागि कबाडी मालसमान, जडीबुटी बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना ।**

**सूचना प्रकाशित मिति :- २०७९/०४/०१**

आ.व.२०७९/०८० को लागि मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडीबुटी र प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे वापत बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि स्थानिय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६१ बमोजिम देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस नगरपालिकाबाट खरिद गरी तोकिएको म्याद भित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
ठेक्का सम्बन्धी विस्तृत जानकारी यस नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिनेछ ।

**(प्रमुख प्रशासकीय अधिकृत)**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१ साउन २०७९, आइतबार
17 July 2022, Sunday

## सम्पादकीय

# भ्रमणको सन्देह

सत्ता साझेदार प्रमुख दल नेकपा माओवादी केन्द्रका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड तीन दिने भ्रमण सकेर आज स्वदेश फर्कदैछन् । पूर्वप्रधानमन्त्री प्रचण्ड शुक्रबार भारत भ्रमणमा निस्किएका हुन् । प्रतिनिधिसभामा उपसभामुख पदको निर्वाचन भइरहँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल छोडेका प्रचण्डको भ्रमणबारे अनेक विश्लेषण भइरहेको छ । सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष जगतप्रसाद नड्डाको निमन्त्रणामा प्रचण्ड भारत भ्रमणमा निस्किएका हुन् । प्रचण्डले शनिबार भारतीय विदेश मन्त्री एस जयशंकरसँग भेटवार्ता गरेका छन् । उनले भारतीय सुरक्षा सल्लाहकार अजित डोभल लगायत नेताहरूसँग भेटवार्ता गरेका गर्दैछन् । प्रचण्डले भारतीय नेताहरूसँग भेट गर्नुअगाडि प्रधानमन्त्री शेरबहादुर देउवाकी पत्नी एवम् नेपाली कांग्रेसका नेतृ आरजु राणासँग भेट गरेकी छन् । आरजु केही दिन अगाडि दिल्ली गएका हुन् । प्रचण्डले भने आफ्नो भ्रमण आकस्मिक नभएको बताएका छन् ।

तर केही दिनदेखि दिल्लीमा रहेकी आरजुसँग भेट गर्नु र विजेपीका नेताहरूसँगको भेटवार्ताका निम्ति भारत भ्रमण गर्नुलाई चासोका साथ हेरिएको छ । किनकि केही दिन अगाडि मात्रै चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का नेता एवम् विदेश विभाग प्रमुखले नेपाल भ्रमण गरेका छन् । केही समयदेखि हुन नसकेको भ्रमणलाई निरन्तरता दिन सीपीसीका नेता काठमाडौं आउँदा प्रचण्ड सहित नेपालका नेताहरूसँग लामो सम्वाद गरेका थिए । नेपालमा फेरिएको राजनीतिक शक्ति समीकरणका कारणले पनि छिमेकी देशहरूसँगको सम्बन्धलाई चासोका साथ हेरिएको हो ।

बदलिएको राजनीतिक समीकरण, विश्व शक्ति संघर्ष र प्रचण्डको भारत भ्रमणलाई एउटै शंखलामा राखेर टिपण्णी गरिएको छ । वर्तमान सत्ता गठबन्धन निर्माणका प्रमुख नेता भएकाले पनि प्रचण्डको भ्रमणलाई चासोका साथ हेरिएको छ । अझ भारतसँगको सीमा समस्यालाई पृष्ठभूमिमा राखिएकाले पनि यो भ्रमण दुई पार्टीको सम्बन्ध सुधारका रूपमा मात्रै हेर्न मिल्दैन । किनकि नेपालका विपक्षी दल नेकपा एमालेले नेपालको नयाँ नक्सा प्रकाशनसँग आफ्नो पार्टीको सत्तालाई जोडेर प्रचार गरेका छन् । अर्कातिर नेपालको आन्तरिक मामलामा भारतको हस्तक्षेप हुने गरेको बुझाइ नेपाली राजनीतिक वृत्तमा पुरानै हो । अहिले गठबन्धन सरकार बन्नुलाई पनि विपक्षी एमालेले त्यससँग जोडेर प्रचार गरेको छ । तसर्थ यो भ्रमणलाई चासोका साथ हेरिएको हुनुपर्छ । छिमेकी मुलुकबीच सम्बन्ध सुमधर बनाउनु भूराजनीतिक चुतुऱ्याइँ नै हो । तर मुलुकको सत्ता नेतृत्वकै स्वार्थमा अर्को देशसँग कुनै सम्बन्ध बन्नु सार्वभौम मुलुकका निम्ति निन्दनीय हो । यो भ्रमणले मुलुक र जनताको हितमा सहयोग पुग्नुपर्छ । आरोप र आशंकालाई बल पुग्न हुन्न ।

# नेपाली राजनीतिको प्रवृत्ति

*अराजकहरु राज्यकै अन्त्यका कारकहरु हुन्, तिनलाई निर्माण वा परिवर्तनकारी शक्तिको रूपमा कुनै अर्थमा हेर्न/लिन सकिँदैन । त्यसैले अब देश जोगाउने चुनौति थपिएको छ । तर, बिडम्बना, राष्ट्र विरोधीहरु गठबन्धन बनाएर विदेशी शक्तिको आड/बलमा सत्तामा कायम हुन पुगेका छन् । जनता भने सहिष्णु र मौनदर्शक बनेका छन् ।*

नेपाली जनताहरु लामो समयदेखि किंकर्तव्यविमूढ अवस्थामा रहेको देखिन्छ । उनीहरुले देशको राजनीतिक व्यवस्था परिवर्तनमा ठूलो लगानी गरेका छन् । राणा शासन होस् वा पञ्चायत विरोधी वा राजतन्त्र विरोधी आन्दोलनलाई सघाउनमा उनीहरुको योगदान रहेको छ । जनताले व्यवस्था/तन्त्र विरोधी आन्दोलनमा लागेकाहरुलाई सदैव सकारात्मक रूपमा लिँदै सक्दो सहयोग प्रदान गरिरहे । तर, दुई वटा कुरामा उनीहरुको ध्यान कहिल्यै पुगेको पाइएन । पहिलो, उनीहरुले देशमा भएका परिवर्तनहरु राजनीतिक दलहरुको नभएर विदेशीहरुको योजनामा हुने गरेको कुरालाई बुझिदिएनन् । दोस्रो, राजनीतिक दलका नेता भनाउनेहरु बाहिरी रूपमा त्याग, बलिदान र समर्पणयुक्त लागे तापनि यथार्थमा चरम अवसरवादी रहेको कुरालाई समेत बुझ्न सकेनन् । हुनत कसैले आदर्शको आडमा छद्मरूपमा अवसरवादीता प्रदर्शन गर्दछ भने त्यसलाई बुझिहाल्न सहज हुँदैन । तर पनि कुरा के हो भने को कुन हदसम्म अवसरवादी छ ? भन्ने कुरा उसले सत्ता र शक्तिलाई कतिहदसम्म दुरूपयोग गरेको छ ? भन्ने कुरा देखेपछि थाहा पाउन सकिन्छ । यसैले कोही सत्ता/शक्तिमा जानुलाई उसको सफलता भन्ने गरिए तापनि यथार्थमा त्यसो हुँदो रहेनछ । कसैले कुनै जिम्मेवारी (सत्ता होस् वा अन्य पदीय) प्राप्त गर्ने भनेको उसको क्षमता, इमानदारिता र प्रतिबद्धताको परीक्षाको घडि हुँदो रहेछ । जसरी एकजना विद्यार्थीले आफ्नो सक्षमता प्रमाणित गर्न परीक्षामा राम्रो अंक/ग्रेड ल्याएर देखाउनु पर्छ, त्यसरी नै आफुलाई देश/समाज/जनता प्रति जिम्मेवार रहेको दावी गर्नेले कुनै पदीय जिम्मेवारी प्राप्त गरेमा सो पदीय दायित्वलाई इमानदारीता, सक्षमता र प्रतिबद्धताका साथ वहन गरेर देखाई दिनुपर्दछ । तर हामीकहाँ त्यसको ठिक बिपरित हुने गरेको छ ।

उल्लेखित कुराको प्रमाणको लागि देशका राजनीतिक दल र तिनका नेता भनाउँदाहरुको चिन्तन र कार्यशैलीलाई हेर्नु पर्याप्त हुनजान्छ । २००७ सालमा भारतीय राजनीतिको सिको गर्दै भारत कै योजनामा राणा शासन समाप्त गरेर देशमा दलीय व्यवस्थाको स्थापना गरिए तापनि २००७ सालदेखि २०१७ सालसम्म देशका राजनीतिक दल एवम् दलीय नेताहरुले प्रदर्शन गरेको व्यवहारका कारण एकातिर राजा महेन्द्रले दलीय व्यवस्थालाई समाप्त पार्ने आँट गर्न सके भने अर्कातिर जनता दलहरुको समर्थनमा चूँसम्म बोलिदिएनन् । परिणामतः दलका नेताहरु भारतमा स्वनिर्वासित हुन पुगे । हुनत् २०१८ सालमा कांग्रेसले राजकीय सत्ताविरुद्ध सशस्त्र संघर्ष गऱ्यो । तर त्यसलाई जनताको बिल्कुलै समर्थन रहेन । कांग्रेसीहरु उल्टै जनताको घर घरमा पसेर लुट मच्याउने कार्यमा संलग्न हुनपुगे । यसरी क्रान्तिको नाउँमा कांग्रेसको लुटेरा व्यवहारलाई भोगेका जनताले कसैलाई सराप्नु परे 'तेरो घरमा कांग्रेस पसोस्' भन्ने उक्ति प्रयोग गर्न पुगे । हुनत् क्रान्तिको नाउँमा देशमा अव्यवस्था फैल्याउने, व्यक्ति हत्यासँगै देशका पुरातात्विक एवम् भौतिक संरचना ध्वस्त तुल्याउने, सामाजिक सदभावलाई खल्बल्याएर देशलाई विदेशी स्वार्थको क्रिडास्थल तुल्याउने कार्य कांग्रेसले मात्र गरेन । पछिल्ला समयमा कम्युनिष्ट भनाउनेहरुले कांग्रेसले भन्दा बढी नृशंसरूपमा त्यस्ता कार्यहरु गरे । तर क्रान्तिको नाउँमा त्यसरी विध्वंश मच्याउनेहरु जब प्रजातन्त्र र शान्तिपुर्ण माध्यमद्वारा समाज परिवर्तनको नाटकमा लागे, अनि त तिनीहरु नाङ्गोरूपमा राष्ट्रिय ब्रह्मलुटमा संलग्न हुनपुगे । तिनीहरुको अवस्थालाई हेर्दा दलीय लुटेराहरु भन्दा निर्दलीयता समर्थक पञ्चहरु असल थिए भन्ने निष्कर्षमा पुग्ने अवस्था देखिन्छ । यसो किनभने पञ्चायत निरंकुश र निर्दलीय भए पनि व्यवस्थाको स्वरूपमा थियो । तर यतिबेला दलीय लुटेराहरुले व्यवस्थालाई नै समाप्त पारेर देशलाई अराजकताको स्थितिमा पुऱ्याई दिएका छन् । यद्यपि देशमा जननिर्वाचित सरकार छ । तर सरकारलाई जनउत्तरदायित्वको सवालमा कुनै चासो छैन । दलहरु जनताको ठूलो हिस्सालाई आफ्नो वा विदेशी दलालको रूपमा परिणत गर्न सफल भएका छन् ।

देशको सरकार/कार्यपालिकी निकाय मात्र होइन, व्यवस्थापिका, न्यायपालिका, सुरक्षा, स्वास्थ्य, शिक्षा, सञ्चारलगायत कुनै पनि अंग/क्षेत्र स्वच्छ, सक्षम र जिम्मेवार रहेका पाइँदैनन् । सर्वत्र अव्यवस्था र अराजकता कायम रहेको पाइन्छ । दलहरु २००७-२०१७ को बेला

**अग्रलेख**



● कृष्ण बेलबासे



*देशमा जननिर्वाचित सरकार छ । तर, सरकारलाई जनउत्तरदायित्वको सवालमा कुनै चासो छैन । आज दलहरु जनताको ठूलो हिस्सालाई आफ्नो वा विदेशी दलालको रूपमा परिणत गर्न सफल भएका छन् । देशको सरकार/कार्यपालिकी निकाय मात्र होइन, व्यवस्थापिका, न्यायपालिका, सुरक्षा, स्वास्थ्य, शिक्षा, सञ्चारलगायत कुनै पनि अंग/क्षेत्र स्वच्छ, सक्षम र जिम्मेवार रहेको पाइँदैन । सर्वत्र अव्यवस्था र अराजकता कायम रहेको पाइन्छ । दलहरु २००७-२०१७ को बेलाभन्दा खराब अवस्थाका छन् ।*

भन्दा खराब अवस्थाका छन् । ती लुटेरा समूहमा परिणत भएका छन् । यो निर्दलीयताभन्दा खराब अवस्था हो । कारण, राजनीतिक दल जसलाई प्रजातन्त्र/लोकतन्त्रको मूल आधार मानिन्छ, त्यो आफु मात्र भ्रष्ट नभएर अन्य संयन्त्रलाई भ्रष्ट र बेकम्मा तुल्याउने कार्यमा संलग्न हुन्छ भने त्यसरी सञ्चालित परिपाटीलाई कसरी राजनीतिक व्यवस्था भन्न सकिन्छ र ? यसर्थमा अराजकहरु राज्यकै अन्त्यका कारकहरु हुन्, तिनलाई निर्माण वा परिवर्तनकारी शक्तिको रूपमा कुनै अर्थमा हेर्न/लिन सकिँदैन । त्यसैले अब देश जोगाउने चुनौति थपिएको छ । तर बिडम्बना, राष्ट्र विरोधीहरु गठबन्धन बनाएर विदेशी शक्तिको आड/बलमा सत्तामा कायम हुनपुगेका छन् । जनता भने सहिष्णु र मौनदर्शक बनेका छन् ।

यसरी राष्टविरोधी शक्तिहरु नै राज्य संचालक हुनु भनेको राजनीतिको दुरूपयोग र अपमान दुवै हो । यो विभिन्न पक्षद्वारा विभिन्न स्वरूपमा हुने गर्दछ । त्यसका मूलतः प्रत्यक्ष र छद्मसँगै एकोहोरो र दोहोरो दुई स्वरूप हुने गरेका छन् । हामी कहाँका राजनीतिक शक्ति र नेतासँगै तिनलाई टिकाउन लागिपरेका कथित विज्ञ एवम् सल्लाहकारहरुले एकातिर घोषितरूपमा आफुहरुलाई देशभक्त र समाजवादी बताउने, तर व्यवहारमा राष्ट्रविरोधी र लुटेरा व्यवहार गर्ने गर्दछन् । आफ्नो यस उद्देश्यमा बल पुऱ्याउन तिनीहरु अर्कोमाथि घोर आरोप लगाउने गर्दछन् । जनताको ध्यान अर्को तर्फ मोडिदिएर आफु नाङ्गो लुटमा संलग्न हुने गर्दछन् । यस कुरोको उदाहरणको रूपमा यतिबेला केपी ओलीलाई प्रतिगामी बताएर गठबन्धनको माध्यमबाट सत्तामा पुगी नाङ्गो रूपमा राष्ट्रघात/विदेशी दलाली गर्ने पाँच दलीय गठबन्धन सरकारका कर्तुतहरुलाई हेर्नु पर्याप्त हुन्छ । यहाँनेर यसो भन्नुको तात्पर्य ओलीको समर्थन गर्नु कदापी होइन । ओली विरोधीहरुले यो अभिव्यक्तिलाई लिएर पंक्तिकारलाई ओली समर्थक र प्रतिगामी बताउँदै आफ्नो लुटेरा प्रवृत्तिलाई सही साबित गर्ने प्रयत्न गरेछन् भनेपनि अन्यथा मान्नुपर्ने छैन । तर यहिनेर के कुरा विर्षन मिल्दैन भने ओली पनि कुनै सकारात्मक पात्र नभएर लुटेरा प्रवृत्तिकै दोस्रो आयाम हुन् भन्ने कुरामा कुनै शंका छैन । नपत्याए हेरौं न, देशमा संविधान संशोधनमार्फत नेपालको मौलिक (चुच्चे) नक्शालाई सार्वजनिक गरी आफुलाई देशभक्त एवम् राष्ट्रवादी देखाउने/दाबी गर्ने ओलीले नागरिकताको सवालमा (खासगरी विवाहको माध्यमबाट अंगिकृत नागरिकता प्रदान गर्ने र कथित राजनीतिक परिवर्तनहरुको आडमा गलत व्यवस्था र प्रक्रियाद्वारा अंगिकृत नागरिकता प्रदान गरेकाहरुका सन्तानलाई वंशजको आधारमा नागरिकता प्रदान गर्ने) अर्को लुटेरा गठबन्धनले भन्दा फरक अडान लिएका/लिन सकेका छैनन् । यहिँनेर प्रश्न उभिन्छ, भारतले पुर्णरूपमा कब्जा गरेको सानो भूभागको सम्बन्धमा संविधान संशोधनमार्फत नयाँ नक्शा पारित गरेर आफुलाई राष्ट्रवादी देखाउने पात्रले नारिकता सम्बन्धमा छिमेकी भारत लगायतका मुलुकहरुले अंगिकार नगरेको/गर्न नसकेको (उदार/समर्पणवादी) व्यवस्थालाई कसरी अंगिकार गर्न सके त ? यो अरु केही नभएर सानो भूभागको सवालमा राष्ट्रवादी बनेको नाटक गर्दै नागरिकता कानूनलाई लचिलो बनाएर सिंगो मुलुकलाई केही वर्षमै विदेशीको कब्जामा पुऱ्याउने प्रपञ्च मात्र हो भन्ने कुरा स्पष्ट हुन आउँछ । अन्यथा एउटा सवालमा राष्ट्रवादी अडान लिनेले अर्को झन जटील सवालमा राष्टविरोधी/समर्पणवादी नीति कसरी अख्तियार गर्न सक्छ त? यसले कथित सत्तामुखी/संसदवादीहरुलाई सत्तासुख र राष्ट्रिय ब्रह्मलुटभन्दा अन्य सवालमा कुनै चासो छैन भन्ने कुरालाई प्रष्ट्याउँछ ।

अबको ज्वलन्त प्रश्न, त्यसो भए राष्ट्र जोगाउने र जनताको हित संरक्षण गर्ने जिम्मा कसको हो त ? निश्चय पनि जनता धनी-गरीब, शिक्षित-अशिक्षित जुनसुकै अवस्थाका भए तापनि ती सार्वभौम अधिकार सम्पन्न छन् । तिनले सार्वभौम अधिकारको प्रयोग गर्दा त्यसबाट देश र जनताको हितप्रति कस्तो असर पर्न सक्दछ भन्ने कुराप्रति सजग, सचेत र संवेदनशील रहनुपर्दछ । राजनीतिक दल/राजनीतिज्ञ भनेकै जनतालाई उक्त विषयमा दिक्षित एवम् प्रशिक्षित तुल्याउने दायित्व बोकेका शक्ति एवम् पात्रहरु हुन् । यदि तिनले आफ्नो उपर्युक्त दायित्वको निर्वाह गर्दैनन्/गर्न सक्दैनन् भने तिनको कुनै औचित्य रहँदैन । नेपालका दलहरु एवम् दलीय नेतृत्व आफ्नो दायित्वप्रति पुर्ण सरोकारबिहीन रहने गरेका छन् । तिनको सरोकार जनतालाई भ्रमित तुल्याएर आफ्नो स्वार्थपुर्ति गर्नु बाहेक अरु केही रहेको पाइँदैन । त्यसैले दल एवम् दलीय दलालहरुलाई विश्वास गर्नु भनेको आफुलाई विवेकहिन तुल्याउनु हो । जनताले आफुलाई यो अवस्थाबाट उन्मुक्त राख्नु जरूरी छ । तर जनता पनि एकथरी दलीय लुटेराहरुको दलाल बनेर उनीहरुले जे भनेपनि त्यसैलाई सत्य ठानेर लागिपर्नेहरु छन् । तिनीहरुबाट कुनै आशा राख्न र भरोसा लिन सकिँदैन । अर्का थरीलाई देश बनोस् वा बिग्रोस् कुनै चासो छैन । यीसँगै एउटा जमात गफ त गर्ने, तर व्यवहारमा सिन्को न भाँच्नेहरु छन् । विचार गरौं त, वीर र बलिदानी पुर्खाहरुद्वारा सृजित र संरक्षित मुलुक यो अवस्थामा आईपुग्नु भनेको निकै नै दुःखद एवम् खेदजनक कुरो हो । यो अवस्थाबाट मुक्ति त्यतिबेला मात्र सम्भव हुनेछ, जतिबेला नेपालीहरुले आफुलाई स्वार्थप्रेरित एवम् किंकर्तव्यविमूख अवस्थाबाट मुक्त तुल्याएर आफ्ना वीर एवम् बलिदानी पुर्खाहरुको आदर्शप्रति प्रतिबद्ध तुल्याउने छन् । अन्यथा दलीय दलालहरुद्वारा प्रारम्भ र प्रवर्द्धन गरिएको लुटेरा एवम् दलालि संस्कृतिलाई संस्थागत तुल्याउँदै आफुलाई दासमा परिणत गर्नुको बिकल्प छैन । चेतना भया !

*(लेखक बेलबासे वरिष्ठ अधिवक्ता हुन् ।)*

## सामाजिक सञ्जाल



**- विनोद न्यौपाने**

चिनियाँ कम्युनिष्ट पार्टीका नेताले के-के भने- रिपोर्टिंग, गठबन्धन कसरी लैजाने सरसल्लाह, आलोपालो प्रम कसरी हुने, भारत-पश्चिमा उद्देश्य र नारामा काम त काम गर्दैछैनन् प्रचण्ड र आरजु ? यता आन्तरिक राजनीतिमा भागबण्डा र सेटिङ्ग चलिरहेको बेला बाहिरको भ्रमण यत्तिकै होइन होला ?



**- पुरूषोत्तम ढुंगेल**

हाम्रा नेताहरूलाई छिमेकी देशका नेताहरू भेट्न आउनु राम्रै हो ठिक छ तर, हाम्रा नेताहरू कुनै महत्वपूर्ण काम बिना, जानकारी बिना, छिमेकीकोमा काम नपाएको के-जस्तो लुखुर लुखुर जान्छन् । ठोस एजेण्डा बिनाका भ्रमणलाई कसरी बुझ्ने ? यसरी जोगिन्छ त देशको राष्ट्रियता ?



**- सुर्यराज आचार्य**

सत्ता स्वार्थका लागि राष्ट्रिय स्वाधिनता र अस्मिता 'बिक्रि'मा राखिएको छ । नेपाली जनताको सम्मान र विश्वास आर्जन गरेर हैन विदेशी प्रभुलाई रिझाएर सत्ता प्राप्त गर्नका लागि राजनीतिका स्खलितको पात्रहरूको दौडधुप जारी छ । जनताको राजनीतिप्रति विश्वास उडेपछि श्रीलंका हुन धेरै बेर लाग्दैन ।



**- मुमाराम खनाल**

अर्थव्यवस्थाको सन्निकट जोखिमलाई दृष्टिगत गरेर सानो, मितव्ययी र नागरिकको भरोसायोग्य व्यक्तित्व सम्मिलित गैरदलीय 'काम चलाउ सरकार' निर्माण गरेर आगामी प्रदेश र संघीय तहको निर्वाचनमा जाऔं । र, सरकारमा सम्मिलित कुनै पनि व्यक्तिलाई आगामी चुनावमा उमेदवार बन्न नपाइने कानुनी व्यवस्था गरौं ।



**- खगेन्द्र संग्रौला**

कांग्रेसी बैठकमा प्रदेश खारेज गर्ने र हिन्दु राष्ट्र फर्काउने प्रसङ्ग उठेछ । यति काम गरिदिने पश्चगामी राप्रपा छँदैछ, राप्रपाको काम कांग्रेसले गरिदिने भए राप्रपाले चाहिँ के गर्ने ? गेरू वस्त्र धारण गरी खरानी घसेर नागार्जुन दरबार जाने ?

# व्यवस्था परिवर्तनको मुद्दा र राप्रपा

**विचार**



● जनकराज पाठक

गत संसदीय निर्वाचन पछि नेपाली राजनीतिमा सबैभन्दा ठूलो दलको रूपमा उदाएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) अनि झण्डै दुई तिहाई मतको नेतृत्व गरेर प्रधानमन्त्री बनेका केपी शर्मा ओलीको पाँच वर्ष नसकिदै नेकपा आफ्नै कारण क्षतविक्षत भइ शेरबहादुर देउवा शासन युगको सुरु भयो । तुलनात्मकरूपमा यी दुईमा तात्विक भिन्नता देखिन्न । तथापी यो विवेचनाको भने गम्भीर विषय हो ।

भ्रष्टाचारलाई संस्थागत गर्ने, हावामा महल खडा गर्ने, आफ्ना विरोधिहरुको व्यक्तिगत तेजोबध गर्ने, आफु बाहेक अरु सबै गलत देख्ने आत्मकेन्द्रित राजनीति ओलीका विशेषता थियो । ओली लोकतन्त्रको छाता ओढेर फुच्चे जंगबहादुर राणाको रूपमा उदाउन खोजेका अलोकतान्त्रिक पात्र थिए । उनले प्रशासन, अदालत, अख्तियार, प्रेस सबैलाई नियन्त्रणमा राख्ने प्रयास गरेका थिए । ओली हुँदा मासिएका र भत्किएका प्रजातन्त्रका आधारभूत संरचनाहरु देउवा आएसँगै लिगमा आउने कुरा जनताले आशा गरेका थिए । तर त्यो जनविश्वासमा कुठाराघात हुन थालेको छ । दुवै देश र जनताभन्दा गुटको राजनीतिमा मस्त देखिन थालेका छन् । अहिलेसम्म पाँच पटक प्रधानमन्त्री बनेका देउवाले गरेको काम र ओलीले गरेको कामको वर्णन गर्न लायक र योग्य विषय खासै छैनन् ।

२०५१ देखि २०५६ को अवधिमा सबैभन्दा बढी प्रजातान्त्रिक प्रकृयामा निर्लज्ज प्रहार गर्दै सत्ताको लागि घृणित कार्य गर्ने देउवा नै हुन । उनले यो कार्यकालमा पनि एमसीसी जस्ता जनविरोधी सम्झौता पास गर्नुका साथै भ्रष्टाचारलाई थप संस्थागत गर्ने काम गरे । सुन्दर शान्त नेपाललाई खुलेआम विदेशीहरुको चलखेल गर्ने अड्डा बनाउन अगाडि बढे । सरकारको बजेट बनाउँदा

*राप्रपाले दुरगामी सोंचका साथ तत् समय नै संविधानलाई चुनौती दिँदै सघीयता र धर्मनिरपेक्षता खारेजीको साथै राजसंस्था पुनर्स्थापनको माग अगाडि सारेको थियो । आज राप्रपाको तीनमध्ये दुई प्रस्तावमा छलफल गर्न सबै दल तयार भएको अवस्था छ । यद्यपी, जकडिएको मुलुकको राजनीतिक अवस्थालाई पार लाउन आन्दोलनको उभार आवश्यक देखिन्छ ।*

व्यापारी तथा बेसरोकार वालाहरुको प्रतक्ष्य संलग्नता, अनि अरबौको सरकारी बेरुजु उनको यो कार्यकालमा सार्वजनिक भएको छ ।

तत्कालिन समय पनि देउवामाथि सांसद खरिद-बिक्री र सुरा-सुन्दरी काण्डको आरोप लागेको थियो । जतिबेला अपाङ्गलाई वैशाखीको सुविधा थिएन, त्यतिबला देउवाले सत्ता टिकाउन सासंदहरुलाई पजेरो सुविधा दिएका थिए । देशभित्र मात्र हैन विदेशमा समेत सांसद लुकाएको आरोप उनीमाथि लागेको थियो । सत्ता टिकाउन इतिहासमै सबैभन्दा बढी मन्त्री बनाएर सरकारी सम्पत्तिको दोहन गर्ने देउवा चर्चित पात्र हुन । यद्यपी विगतका सम्पूर्ण विषयहरूलाई विश्लेषण गर्दै यो कार्यकालमा नेपाल र नेपालीको हित र उन्नतीको पक्षमा आफुलाई उभ्याउने इतिहासले देउवालाई मौका दिएको थियो । तर यो कार्यकालमा पनि उनी जनजिविकाको पक्षमा, जनहितको पक्षमा उभिन सकेनन् । संघियताको बोझिलो आर्थिक भारको कारण देउवा कार्यकालमा मुलुकको अर्थतन्त्र नराम्रोसँग खस्किएको छ । मुलुक टाट उल्टने अवस्थामा छ ।

यद्यपी यो यथार्थलाई मनन् गरेर संघीयता खारेजीको पक्षमा देउवा देखियका छैनन् । उनको ध्यान गठबन्धन टिकाएर निर्वाचन जाने र पुनः सत्ता कब्जा मात्र देखिएको छ । यो परिस्थिति र समयको हाकलाई चुनौती दिने एकमात्र दल यतिबेला राप्रपा रहेको छ । राप्रपाले दुरगामी सोंचका साथ तत् समय नै संविधानलाई चुनौती दिँदै सघीयता र धर्मनिरपेक्षता खारेजीको साथै राजसंस्था पुनर्स्थापनको माग अगाडि सारेको थियो । आज राप्रपाको तीनमध्ये दुई प्रस्तावमा छलफल गर्न सबै दल तयार भएको अवस्था छ । यो सवाललाई साथ दिने तमाम जनता आज तयार छन् तर, यसलाई निर्णयार्थ आन्दोलनमार्फत जनतामा लाने एक मात्र शक्ति राप्रपाले आन्दोलनको ज्वारभाटा सिर्जना गर्न सकिरहेको छैन ।

निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ भएपनि निर्वाचनमार्फत जनताले आवश्यक ठानेका सबै विषयहरु प्राप्त हुन सक्दैन । केही यस्ता महत्वपूर्ण विषय जससँग राप्रपाको प्राण जोडिएको छ, त्यो आन्दोलनमार्फत मात्र प्राप्त हुन सक्छ । वर्तमान सन्दर्भमा राजसंस्थासहितको प्रजातन्त्र र हिन्दुराष्ट्रको पक्षमा देशव्यापी आन्दोलनको ज्वारभाटा सिर्जना गर्नु राप्रपाको मुल कर्तव्य हो । हामीले यो कर्तव्यलाई कति पालना गऱ्यौं आज यो विष्लेषणको विषय भएको छ । देशव्यापीरूपमा यो मुद्दाको पक्षमा आन्दोलन र निर्वाचनलाई राप्रपाले सँगसँगै लानु पर्छ । विगत र वर्तमान राप्रपाको पक्षमा नरहे पनि आन्दोलनमार्फत राप्रपाले भविष्य सुरक्षित गर्न सक्छ । तसर्थ, समयको मागलाई गम्भीरतापूर्वक लिएर अगाडि बढ्नुको विकल्प छैन । जनताको मुद्दाको नेतृत्व गर्ने राप्रपालाई पछाडि फर्किने सुविधा छैन ।

*(लेखक पाठक राप्रपाका केन्द्रीय सदस्य हुन् ।)*

# महँगीले आक्रान्त अमेरिकी घरमै पकाउँदै, साथीभाइकामा पाहुना लाग्दै

**काठमाडौं/एजेन्सी-** बढ्दो महँगीले आक्रान्त अमेरिकी नागरिक हिजोआज घरमै खाना पकाउन, परिवारसँग रमाउन र बेलाबखत आफन्ती तथा साथीभाइकोमा पाहुना लाग्न थालेका छन्। उनीहरूले सवारी साधन हुँइक्याएर टाढाटाढासम्मको यात्रालाई पनि अहिले थाती राखेका छन् ।



घरमै पर्याप्तमात्रामा खानेकुरा पकायो, सम्भवभएसम्म रेष्टुरा नगयो, घरै बस्यो । छोटो दुरीमा मात्र यात्रा गर्‍यो । खर्च जोगाउन यस्तै दैनिकी बनेको छ अमेरिकीको आजभोलि ।

उत्तरी भर्जिनियास्थित एउटा सुपथमूल्य खुद्रा पसलमा भेटिएका जोन खाद्यवस्तुको चर्को मूल्यवृद्धिका कारण घरमा आफै विविध परिकार पकाउन थालेका छन् । आफ्नो पहिलो नाममात्र उद्धरण गर्न चाहने उनी विरलै रेष्टुरातिर जान्छन् । सरकारी कर्मचारी उनी एक झोला कुखुराका साँप्रा र १० टुक्रा कुखुराका पँखेटाको मूल्य उस्तै भएको बताउँछन् ।

दशकौँपछि अमेरिकामा महँगी अचाक्ली बढेको छ । खर्च जोगाउन धेरै अमेरिकी नागरिकले विविध उपाय अवलम्बन गरेका छन् । अमेरिकी उपभोक्ता मूल्य सूचकाङ्क चारदशकपछि पहिलोपटक गत जेठमा ९.१ प्रतिशतले बढेको थियो । त्यसयता खाद्य सूचकाङ्क १०.४ प्रतिशतले बढ्दा मध्यमवर्गीय अमेरिकीलाई हातमुखजोर्न धौधौ भएको छ । मूल्यवृद्धि नभएका कुनै वस्तु छैनन्। दशौँलाख अमेरिकी इन्धनको मूल्य बढेपछि थप पिरोलिएका छन् ।

चर्को मूल्य चुकाएर हवाईजहाजबाट यात्रा गर्ने चाहना पनि अब धेरैको रहेन। न्यूयोर्क महानगरका सेवा निवृत्त शिक्षिका ग्लोलिया ब्राण्डम्यानले हवाईजहाज नचढेको धेरै भयो। भाडा महँगो भएकाले जहाजको सट्टा मोटरकारमा यात्रा गर्दै आएको बताउने उनले पेट्रोलको बढेको मूल्यले अब त्यसमा पनि यो वर्ष कटौती गर्ने तरखरमा आफू रहेको सुनाइन्। पुरानो कारलाई मर्मतसम्भार गरेर दौडाइरहेको उनले बताइन्। उच्च मूल्यकै कारण नयाँ कार किन्न नसकेको उनको कथन छ ।

उत्तरी भर्जिनियाका स्थायी बासिन्दा जेम्स पेट्रोलको मूल्य वृद्धिले तनाव बढाएको दुःखेसो गर्छन् । हरेकपटक कारको इन्धनट्याङ्क भर्दा उनले थप ३० डलर तिर्नुपर्छ । पाएसम्म र भ्याएसम्मसार्वजनिक यातायात सेवा प्रयोग गर्ने गरेको उनले बताए ।

घरभाडा पनि अनपेक्षितरूपमा बढेको छ । त्यो अहिले १२ देखि २० प्रतिशतले वृद्धि भएको छ । केन्टकीको किराना पसलमा काम गर्ने आफ्नी भतिजी घरभाडा तिर्न नसकेर आफूसँगै बस्न आएकी आर्था फक्स जोन बताउँछिन् । बढ्दो आवास भाडाले घरबारविहीनको सङ्ख्या बढ्ने चिन्ता पनि अमेरिकामा बढेको छ । देशको अर्थतन्त्रसँग पनि अमेरिकी नागरिक खुशी नभएका अन्तर्राष्ट्रिय मुद्राकोषका एकजना पूर्व अधिकारीले बताएका छन् ।

# इन्धन आपूर्तिका लागि श्रीलंकाको रुससँग वार्ता

**काठमाडौं/एजेन्सी-**श्रीलंकामा ऊर्जा संकट बढिरहेको समय इन्धन खरिदका लागि आफ्नो सरकारले रुससँग छलफल गरिरहेको श्रीलंकाले जनाएको छ । मुलुकमा भइरहेको इन्धन अभाव टार्न रूसी सरकार र इन्धन उत्पादक कम्पनीसँग छलफल भइरहेको विद्युत तथा ऊर्जा मन्त्री कन्चन विजेसेकेराले शनिबार बताए ।




पत्रकार सम्मेलन बोल्दै विजेसेकेराले आर्थिक संकटले दुई करोड श्रीलंकाली प्रभावित भएका समय इन्धन खरिदका लागि क्रेडिट लाइन दिएकोमा भारत सरकारको प्रशंसा गरे । 'हामीले विभिन्न देशहरूमा इन्धनको आपूर्तिका लागि अनुरोध गरेका छौं। हामीलाई मदत गर्न आउने जुनसुकै देश भए पनि हामी त्यसको मूल्यांकन गर्छौं । अहिले, भारत सरकारले मात्र हामीलाई क्रेडिट लाइन प्रदान गरेको छ,' विजेसेकेराले भने ।

'हामी रुस सरकारसँग पनि छलफलमा छौं । सुरुको इन्धनका लागि भएको बैठक रूसमा सम्पन्न भएको छ। हामीले आफ्नो आवश्यकता पूरा गरेका छौं र त्यसैअनुसार काम गरिरहेका छौं । श्रीलंकामा कस्तो प्रकारको सुविधा हुनेछ भन्ने कुरा सुन्न हामी पर्खिरहेका छौं,' उनले थपे ।

विजेकाराले 'राष्ट्रिय इन्धन पास' योजना शीर्षकमा इन्धन वितरण योजना ल्याएको छ । नयाँ पासले साप्ताहिक आधारमा इन्धनको कोटा बाँडफाँडको ग्यारेन्टी गर्नेछ । सवारी साधन नम्बर र अन्य विवरण पुष्टि भएपछि राष्ट्रिय परिचय पत्र नम्बर अनुसार आवश्यक व्यक्तिलाई 'क्यूआर कोड' दिइनेछ ।

दर्ता भएका सवारीसाधन भएका व्यक्तिहरूले आफ्नो दर्ता नम्बरको अन्तिम अंकको आधारमा पालो पाउनेछन् । जारी इन्धन संकटबीच कोलम्बोमा सवारी साधनमा इन्धन भर्न पर्यटक र विदेशीलाई प्राथमिकता दिइनेछ ।

द्वीप राष्ट्र श्रीलंका ठूलो आर्थिक संकटको चपेटामा परेका कारण खाद्यान्न, इन्धन, चिकित्सा आपूर्तिको तीव्र अभाव झेलिरहेको छ ।

# मेक्सिकोमा हेलिकप्टर दुर्घटना : १४ सैनिकको मृत्यु



**काठमाडौं/एजेन्सी-** मेक्सिकोमा हेलिकप्टर दुर्घटना हुँदा १४ जना समुद्री सैनिकको मृत्यु भएको छ। देशको उत्तरी भागमा शुक्रबार भएको उक्त दुर्घटनामा उनीहरूको ज्यान गएको हो ।

लागूऔषध तस्करी एवं ओसार पसारमा संलग्नहरूलाई पक्राउ गर्न खटिएका समुद्री सैनिक हेलिकप्टर दुर्घटनामा मारिएका मेक्सिकोको नौसेनाले शनिबार जनाएको छ। दुर्घटनामा एकजना भने बाँचेका छन् ।

नौसेनाको स्वामित्वमा रहेको ब्ल्याक हक हेलिकप्टरले उत्तरी राज्य सिनालोआमा एकदिन अघि पक्राउ परेका गुआडालाजारा कार्टेलका संस्थापक राफेल कारो क्विन्टेरो बोकेको अर्को विमानको सुरक्षा गरिरहेको थियो ।

दुर्घटनामा ज्यान गुमाएकाहरूप्रति नौसेनाले शोक व्यक्त गरेको छ। दुर्घटनाको कारण अज्ञात छ । कथित लागूऔषध तस्करको गिरफ्तारीका कारण उक्त दुर्घटना नभएको नौसेनाले जनाएको छ । राफेललाई संयुक्त राज्य अमेरिकाले आफ्ना अधिकारी एनरिक क्यामरेना सालाजारको हत्या गरेकाले निजलाई अमेरिकासमक्ष सुपुर्दगी गर्नुपर्ने माग गर्दै आएको छ । यसै विषयलाई लिएर मेक्सीको र अमेरिकाबीचको सम्बन्ध केही समय तनावपूर्ण भएको थियो ।

# अमेरिका र साउदी अरेबियाबीच भयो १८ सम्झौता

**काठमाडौं/एजेन्सी-** अमेरिकी राष्ट्रपति जो बाइडेनको साउदी अरब भ्रमणमा शुक्रबार दुई देशबीच ऊर्जा, लगानी, सञ्चार र स्वास्थ्य क्षेत्रमा १८ वटा सम्झौतामा हस्ताक्षर भएको छ । साउदी अरेबिया र अमेरिकाले ५जी नेटवर्क, उन्नत साइबर सुरक्षा र अन्तरिक्ष अन्वेषणसहित भविष्यका धेरै उद्योगहरूमा सहकार्य गर्नेछन् ।

उनले शुक्रबार साउदी राजा सलमान र युवराज मोहम्मद बिन सलमानसँग भेट गरेका थिए । त्यसपछि दुई देशबीच यी सम्झौताको घोषणा भएको हो। ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिअनुसार दुई देशबीच भएको सम्झौताले फाइभजी प्रविधिका लागि साउदी र अमेरिकी प्रविधि कम्पनीहरूलाई जोड्न स्थानीय रूपमा खुला, भर्चुअल र क्लाउडमा आधारित रेडियो नेटवर्क प्रयोग गर्नेछ ।

साउदी अरेबियाले जुनमा जी७ शिखर सम्मेलनमा घोषणा गरेको ग्लोबल इन्फ्रास्ट्रक्चर एण्ड इन्भेस्टमेन्ट फर पार्टनरसिप अन्तर्गत परियोजनामा लगानी गर्न प्रतिबद्ध रहेको बताइएको छ। यसका साथै साइबर सुरक्षाको क्षेत्रमा दुवै देशले गम्भीर खतरा र दुर्भावनापूर्ण गतिविधिलाई आदान प्रदान गर्न पहिलेदेखि नै विद्यमान द्विपक्षीय सम्बन्धलाई विस्तार गर्नेछन्। विज्ञप्तिमा भनिएको छ, 'यो कदमले दुवै देशको साझा सुरक्षालाई बढावा दिनेछ ।'

अमेरिकी राष्ट्रपति बाइडेनले शुक्रबार साउदी अरबका नेताहरूसँग भेटवार्ता गरेका थिए । साउदी अरबको जेद्दा सहरमा उनीहरूका बीचमा दुई पक्षीय हितका बारेमा कुराकानी भएको साउदी प्रेस एजेन्सीले जनाएको छ ।

दुई दिने राजकीय भ्रमणका लागि साउदी अरब पुगेका अमेरिकी राष्ट्रपति बाइडेनलाई राजा सलमान बिन अब्दुलाजिज अल साउदले जेद्दा स्थित अल सलाम दरबारमा स्वागत गरेका थिए। उनीहरूसँगको भेटवार्तामा साउदी अरबका राजकुमार मोहम्मद बिन सलमान अल साउद पनि सहभागी भएका थिए ।

बैठकका क्रममा राजा सलमान र राष्ट्रपति बाइडेनले दुई देशको सम्बन्धको समीक्षा गर्दै यसलाई थप बलियो, फराकिलो र राम्रो बनाउने बारेमा छलफल गरेका थिए । रियाद र वासिङ्टनको सहकार्य र सम्बन्धलाई बलियो बनाउने उपाय र आधारका बारेमा उनीहरूले विचार विमर्श गरेको जनाइएको छ ।

मध्य पूर्वको आफ्नो पहिलो भ्रमण उनले साउदी अरबबाट अन्त्य गर्न लागेका छन्। बुधबार शुरु भएको उनको भ्रमण शनिबार सकिने बताइएको छ। उनी यसअघि इजरायल र वेस्ट व्यङ्क गएका थिए ।

# सुडानमा जातीय दंगा हुँदा ३१ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी-** सुडानमा भएको जातिय दंगाका क्रममा शुक्रबार कम्तीमा ३१ जनाको मृत्यु भएको छ। देशको ब्लु नाइल प्रदेशमा घटना भएको सरकारी अधिकारीहरूले जनाएका छन् ।

'देशका केही ठाउँमा जातीय दंगा भएका छन्, ती घटनामा परी कम्तीमा ३१ जनाको मृत्यु भएको छ भने अरु ३९ जना घाइते भएका छन्,' सुरक्षा समितिले जारी गरेको वक्तव्यमा लेखिएको छ ।

झडपका क्रममा १६ पसल क्षतिग्रस्त भएको पनि अधिकारीहरूले जानकारी दिएका छन् । सुरक्षाकर्मीहरूले परिस्थिति नियन्त्रणमा लिइसकेका छन् भने केही शंकास्पद व्यक्तिहरूलाई पक्राउ गरेका छन् ।

सुरक्षा समितिले घटनास्थलमा कर्फ्यु आदेश जारी गरेको छ । कर्फ्यु लगाइएको क्षेत्रमा हिँड्डुल गर्न, भिडभाड गर्न निषेध गरिएको छ। ब्लु नाइल प्रदेश अन्तर्गत पर्ने अल डामाजिन र अल रुसाइरिजमा स्थानीय समय अनुसार बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्म कर्फ्यू आदेश जारी गरिएको हो ।

स्थानीय बेर्टी र हौसा जातीय समूहका बीचमा झडप भएको प्रत्यक्षदर्शीहरूले बताएका छन् । उनीहरूले विभिन्न हतियारको प्रयोग गरेका थिए । अफ्रिकी मुलुक सुडानको पूर्वी क्षेत्रमा पर्ने ब्लु नाइल प्रदेश इथियोपियाको सिमा क्षेत्र हो । सुडानमा लामो समयदेखि विभिन्न आन्तरिक द्वन्द्व तथा राजनीतिक संकट छ ।

## अफगानिस्तानको केन्द्रीय बैंकले एक करोड २० डलर लिलामी गर्ने

**काठमाडौं/एजेन्सी-** अफगानिस्तानको केन्द्रीय बैंकले राष्ट्रिय मुद्रा स्थिर राख्ने प्रयासस्वरूप एक करोड २० लाख अमेरिकी डलर लिलामी गर्ने जनाएको छ । द अफगानिस्तान बैंकलाई उद्धृत गर्दै राज्य संचालित बख्तर न्यूज एजेन्सीले मनी चेन्जर्स र निजी बैंकलगायतका बोलकबोलकर्ताहरूले लिलामी सुरु हुनु पूर्व केन्द्रीय बैंकमा ग्यारेन्टीको रूपमा अफगानीमा आवश्यक पैसा जम्मा गर्नुपर्नेछ। अफगानिस्तानको राष्ट्रिय मुद्रा, द अफगानी विदेशी मुद्रासँग कमजोर बनेका समय बैंकको यो निर्णय आएको हो । तालिवान समूहको नेतृत्वमा सरकार गठन भएसँगै अफगानी मुद्रा अमेरिकी डलरलगायत अन्य विदेशी मुद्रासँग कमजोर बनेको छ।

## भूल सुधार

मिति २०७९/०३/३२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित यस प्रा.लि.को मलेशियामा रोजगार शिर्षकमा चलानी नं.: ६०१८३३५३, स्वीकृत मिति: २०७९/०३/३१ र L.T. No.: 267393 को विज्ञापनमा कम्पनीको नामः TAN CHEE SENG SAWMILL SDN BHD हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

टोपाज इण्टरनेशनल प्रा. लि.
मैतिदेवी, काठमाडौं, नेपाल, फोन: ०१-४५११६५०

## साउदीमा रोजगार | कम्पनी: WONDER FOOD CO. FOR CATERING SERV ONE PERSON CO. LTD
शहर: RIYADH

पुर्व स्वीकृत मिति: २०७९/०३/३१ | चलानी नं.: ६०१८३३३२ | L.T. No.: 267312

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ साउन ८ गते (24 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FutureLink Connect to your future...
Future Link International Pvt. Ltd.
Gov. Lic. No. 839/066/067
P.O. Box.: 24253, Sinamangal-9, Kathmandu, Tel No.: 4488939, 4488940
Email: info@futurelinkint.com, futurelink786_2010@hotmail.com, futurelink78639@yahoo.com
Website: www.futurelinkint.com

## UAE मा रोजगार | कम्पनी : MASTER VR TECHNICAL SERVICES L.L.C
शहर: DUBAI

पुर्व स्वीकृत मिति: २०७९/०३/३१ | चलानी नं.: ६०१८३३२० | LT. No.: 267476

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 23 | स. काममा दक्ष | 900 | ३१,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ८ गते (24 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Creative Placement Services Pvt. Ltd.
Govt. Lic. No. 289/058/059
Basundhara, Kathmandu, Tel: 01-5903365, 5903396, P.O.Box No.: 21498
Mobile: 9823529647
E-mail: creativeplacement2002@gmail.com, website: www.creativenepal.org

**Far Western University**
**Faculty of Agriculture**
**Tikapur Kailali**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bid

**Contract Identification No: FWU/FOA/works/NCB/2078/079-001**

**First Publication Date: 17-07-2022**

Far Western University Faculty of Agriculture Tikapur, Kailali invites electronic bids from eligible bidders for the following work:

| IFB No. | Contract No. | Description of Works | Bid Security Amount (NRs.) | Bid Documents Fee (NRs.) | Last Bid Submission Date |
|---|---|---|---|---|---|
| 01/ 2078/079 | FWU/FOA/works/ NCB/2078/079-001 | Construction of Academic Building at Tikapur, Kailali | NRs. 43,00,000 | NRs. 10,000 | 16-08-2022 |

- Information to deposit the cost of bidding documents in bank:
  Name of the bank: Nepal Bank Limited
  Account No: - 10700106553925000001
  Name of Office: DEAN OFFICE, FACULTY OF AGRICULTURE

1. Bidders may obtain further information at the office Name: Far Western University, Faculty of Agriculture; mailing address dean.agriculture@fwu.edu.np; Telephone: 091-560824 or may visit PPMO's e-procurement website: www.bolpatra.gov.np/egp.
2. Any amendment in the tender notice will be published in the notice board of Far Western University Faculty of Agriculture and e-procurement section of PPMO's website: www.bolpatra.gov.np/egp.
3. Interested bidders should submit online bids through e-procurement portal www.bolpatra.gov.np/egp. only on or before stipulated time mentioned in above table. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP System Operating Guideline 2074 and User Manuals issued by PPMO, which are available in e-GP system.
4. **The Bid Validity Period/Bid Security Validity Period of each contract shall be 120 Days/ 150 Days from the date of bid opening.**
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. The matters not covered in this tender notice shall be in accordance with the latest amendments of Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.

**DEAN**

# बक्स अफिस समाचार

# 'गीत संगीतमा मूल जरो नसमात्ने हो भने हामी भड्किन्छौं'

पञ्चमान तामाङ नेपाली गीत संगीतको फाटमा शैलाप वाईबाको नामले परिचित छन् । शब्द रचना, संगीत र गायन तीनै विधामा कुशल सर्जक शैलाप आफ्ना गीतका भिडियोमा अभिनय पनि गर्छन् । नुवाकोटमा बुबा प्रेमबहादुर तमाङ र माता फूलमाया तामाङको कोखबाट जन्मिएका शैलापले काठमाडौंलाई कर्मथलो बनाएर आफ्ना क्रियशन स्रोता-दर्शकमाझ ल्याइरहेका छन् । नेपाली गीत संगीतमा आफूलाई पूर्णरुपमा समर्पित शैलापले काठमाडौं आउनुभन्दा अघि पनि स्थानीय क्षेत्रमा कलाकारको रुपमा आफ्नो ख्याति बढाएका थिए । घरपरिवार, स्थानीय समुदाय, साथीभाइ र स्कुलका गुरुहरुबाट सधैं हौसला मिलेकोले यो क्षेत्रमा अझ प्रतिवद्ध भएर लाग्ने प्रेरणा मिलेको बताउने शैलापले विसं. २०५६ सालमा प्रजातन्त्र दिवसको अवसरमा रेडियो नेपालद्वारा आयोजित अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा भाग लिएका थिए । स्थानीय स्तरका विभिन्न प्रतियोगितामा भाग लिएको भएपनि रेडियो नेपालको यो प्रतियोगिताबाट आफूमा आत्मविश्वास बढेको शैलाप बताउँछन् । विसं. २०५९ सालमा 'डाँडैमा देवीथान' एल्बम स्रोता-दर्शकमाझ ल्याएर शैलाप यो क्षेत्रमा औपचारिकरुपमा प्रवेश गरेका हुन् । यसमा उनलाई त्यो बेलाका लोकप्रिय कलाकारद्वय विमाकुमारी दुरा र सूर्य कुमारीले स्वरमा साथ दिएका थिए । त्यसपछि उनले पछि फर्किएर हेर्नु परेको छैन । लोकगीत मात्र नभएर उनले तामाङ भाषा र तामाङ सेलोमा पनि उत्तिकै लोकप्रियता हासिल गरेका छन् । तामाङ समुदायको अत्यन्तै लोकप्रिय भाका 'म्हेन्दोमाया'का लागि सर्वाधिक रुचाइएका कलाकार शैलाप वाईबाले तीन सयभन्दा बढी तामाङ गीतमा शब्द, संगीत र स्वर दिएका छन् । उनले गीत संगीत कर्मकै लागि देशका विभिन्न स्थानका साथै कतार, इराक, दुबाईलगायतको यात्रा गरेका छन् । गीत संगीतका क्षेत्रमा उनले पुर्‍याएको योगदानको प्रशंसा गर्दै विभिन्न संघसंस्थाले उनलाई विभिन्न अवार्ड, सम्मान र पुरस्कार प्रदान गरेका छन् । उनले ज्योति फिल्म अवार्ड, इन्टरनेशनल हिमालयन अवार्ड जस्ता अवार्ड प्राप्त गरेका छन् । यस्तै उनले अन्य थुप्रै अवार्ड, सम्मान र पुरस्कार प्राप्त गरेका छन् । विदेशमा तथा देशमा हुने विभिन्न मेला महोत्सव तथा सामारोहमा व्यस्त रहने बताउने उनी आगामी दिनमा अझै गीत संगीतकै क्षेत्रमा सक्रिय रहने बताउँछन् । उनले 'म्हेन्दोमाया बादशाह', 'गीतको कम्पनी' र 'गाउने साइला दाइ' जस्ता उपनाम पनि पाएका छन् । केही गीतका भिडियोमा समेत आफैं मोडलिङ गरेका शैलाप वाईबाले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

**गीत संगीतका क्षेत्रमा यहाको समर्पण र लगाव लोभ लाग्दो छ, यस क्षेत्रका व्यक्तिहरूका लागि, आफूलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

म निरन्तर यो क्षेत्रमा छु। आफूले जानेको गरिरहेको छु। सबैले मन पनि पराइदिनुभएको छ । खुशी लाग्छ । मैले गाउनेदेखि भाका बनाउने शब्द लेख्ने सबै कार्य गरिरको हुन्छु। म्हेन्दोमाया पनि समुदायको एक लोक भाका हो। यो क्षेत्रमा मैले सकेको योग्दान गर्दैछु। हर विधामा काम गरेको छु । मलाई 'म्हेन्दोमाया बादशाह' पनि भन्नुहुन्छ भने गाउँघरमा 'गीतको कम्पनी' भनेको सुन्छु। यस्तो सुन्दा मन मनै खुशी लाग्छ ।

**कहिलेदेखि हुनुहुन्छ यो क्षेत्रमा ?**

सानै उमेरदेखि छु यो क्षेत्रमा । स्कुल जीवनमा नि मैले केही प्रतियोगिता जितेको छु भने यो क्षेत्रमै लाग्छु भनेर चाहिँ २०५८ सालदेखि हो। २०५६ सालमा प्रजातन्त्र दिवसको अवसरमा रेडियो नेपालद्वारा आयोजित अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा भाग लिन काठमाडौं आएको थिएँ । स्थानीय स्तरका विभिन्न प्रतियोगितामा भाग लिएको भएपनि रेडियो नेपालको यो प्रतियोगिताबाट ममा आत्मविश्वास बढेको थियो । विसं. २०५९ सालमा 'डाँडैमा देवीथान' एल्बम स्रोता/दर्शकमाझ ल्याएर म यो क्षेत्रमा औपचारिक रुपमा प्रवेश गरेको हुँ। यसमा उमलाई त्यो बेलाका लोकप्रिय कलाकारद्वय विमाकुमारी दुरा र सूर्य कुमारीले स्वरमा साथ दिनुभएको थियो ।

**कसरी आउनुभयो यो क्षेत्रमा ?**

मैले माथि पनि भने सानैदेखि मेरो यो क्षेत्रमा लगाव हो । आवाज रेडियो नेपालमा कहिले आउने होला भनेर सोच्ने गर्थे । सबले मलाई सानो उमेरमा पनि 'गाउने साइला दाइ' भन्थे । अरु क्षेत्र ध्यान गएन । बरु भोकै बसे यो गीत संगीत बाट टाढा हुन सकिनँ । यही गीत संगीतमा नै रमाउन थालें ।

**पहिलो सिर्जना के थियो ?**

स्कुल जीवनको म आफैंले गाएको, लेखेको, भाका बनाएको 'स्कुल जान्छु' भन्ने थियो। यस्तै रेकर्ड भएको पहिलो गीत 'डाँडैमा देभिथान' भन्ने लोकदोहोरी थियो ।

**कति जति सिर्जना सार्वजनिक भएका छन् यहाँका ?**

चार सय भन्दा बढी गीत सार्वजनिक भएका छन् । यसमा लोकदोहोरी, स्वदेश गीत, सेलो, आधुनिक, तामाङ लगायतका छन् ।

**केहीको नाम लिनुपर्दा ?**

पहिलो एल्बम 'डाडैमा देविथान' पछि थुप्रै गीत आए । केहीको नाम लिनुपर्दा 'रुमाल हल्लाउदै', 'गेटमा फूलमाला', 'राइफल छोडिदेउ', 'निम्तो सुपारी', 'हुलाकी दाइ', 'आर्मी पल्टनमा', 'माया नम्बरी', 'डबल हिलिमेट', 'छड्के सलामी'' लगायत दर्जनभन्दा बढी गीति एल्बम स्रोता/दर्शकमाझ ल्याए। यस्तै तामाङ सेलो गीततर्फ 'गोरीमा गोरी ओइ पेन्बी', 'सुन न पूर्वेली मैच्याङ हो', 'क्या राम्री मैच्याङ'लगायत थुप्रै छन् । त्यस्तै 'सुन्तली मैच्याङ', 'सुन न दौंतरी', 'गालामा डिम्पल', 'यो कुरा साही हो', 'ल्हाप्साङ कर्पो' लगायत दर्जनौ सेलो गीत धेरैले रुचाएका छन्। त्यसैगरी 'मेरो देश', 'सीमानामा डुंगा हानाहान', 'यही छ शान्ती' जस्ता राष्ट्रिय भावनाका गीतलाई पनि स्रोता/दर्शकको औधि माया गर्नुभएको छ । यसैगरी तामाङ गीतमा 'रेञ्चा थारा', 'काउले नम्सा', 'कक्क होइ', 'स्यामा चोली', 'तिङलिङ कोङनले', 'मिख्ली छोरोरो', 'पैसाउरा नम्स', 'दालमी मस्याङला', 'आस्याङ अङिला जामे', 'साइली माइली', ' करिमा चे', 'तिलिङलिङ', 'अङिला जामे सेर्कु', थुप्रै रहेका छन्। त्यसैगरी 'वाला वाला ग्रम्बारी', 'ज्यो ज्यो आले', 'मर्चवती', 'वाला गल्बन्दी', ' चोपोर ग्रम्बारी', 'उर उर सुन्तला', 'सुन्तलाको रस', 'घया म्रङ', 'जोडी परेवा', 'किन्ताङ नम्सै कान्छिमा', 'स्यामा गुनेरी', 'किम्तङ नम्स', ' तोर तोर बोम्ताङ नम्सरी' लगायत छन्। सबै गीतलाई अत्यधिक मनपराइदिनु भएको छ । म यस मानेमा आफूलाई भाग्यमानी ठानेको छु । उहाँहरूको माया, सदभावले नै आज म यो ठाउँमा छु ।

**मोडलिङ क्षेत्रमा पनि यहाको लगाव देखिन्छ नि ?**

केही गीतमा देखिएको छु । राम्रै छ भन्ने प्रतिक्रिया पछि निरन्तरता पनि दिएको छु । साथिभाइको करले केही गीतमा खेलेको मात्र हुँ।

**पछिल्लो समयको नेपाली गीत संगीतको अवस्था कस्तो पाउनुहुन्छ ?**

पछिल्लो समयको नेपाली गीत संगीत समग्रमा ठिकै छ भन्नुपर्छ। समय परिवर्तनशिल छ । यो क्षेत्रमा पनि परिवर्तन आइरहेका छन् । मलाई के लाग्छ भने हाम्रो आफ्नो मूल जरोलाई समातेर विभिन्न प्रयोग गर्नुपर्छ। हाम्रो मौलिकता भन्दा टाढा गएर गरिएका सिर्जनाले क्षणिक सफलता हात पारे पनि दीर्घकालिन हुँदैन भन्ने लाग्छ । सिर्जनामा हाम्रो माटोको गन्ध आउन जरुरी देख्छु म ।

**दर्शकले बढी कस्ता गीत मनपराएको पाउनुहुन्छ ?**

अलि समय सान्दर्भिक, थोगो छोटो मोठो भाको गीतहरू नै दर्शकले बढी मन पराको पाइन्छ ।

**यहाले गीत संगीत क्षेत्रमा रहादै गर्दा थुप्रै सम्मान, अवार्ड र पुरस्कार पनि चुम्न सफल हुनुभयो कस्तो लाग्छ फर्किएर हेर्दा ?**

मैले शब्द, संगीत र गायनमा विभिन्न अवार्ड प्राप्त गरेको छु। मान सम्मान र पुरस्कार प्रदान गर्नुभएको छ। यो सबैले खुशी लाग्छ तर पाएको सम्मान र अवार्ड कसरी जोगाइ राख्ने भन्ने कुराले अलि चिन्ता लाग्छ। आजको स्थान भोलि हुने कि होइन भनेर अलि मनमा पिर हुँदो रहेछ। यसले अझ राम्रा क्रियशन पस्किने कोशिसमा हुन्छु जहिले पनि म ।

**यो क्षेत्रमा आउने नयाा प्रतिभालाई यसको कस्तो सल्लाह दिन रहने गर्दछ ?**

आफूलाई पूर्णरुपमा खारेर आउनुहोस्, लहलहैमा र हल्ला तथा रहरको भरमा नआउनुहोस् । राम्रोसँग माझिएर, केही नयाँ दिन सक्छु भनेर आउनुहोस् भन्न चाहन्छु । हाम्रा सिर्जनामा आफ्नोपन हुन आवश्यक छ, यसमा ध्यान दिनुहोस् भन्न चाहन्छु । अरूको चिजबाट आफ्नोपन खोज्नुभन्दा हाम्रो माटोको सुगन्ध खोज्नुहोस् हाम्रा सिर्जनामा । हाम्रो मूल जरोलाई समातेर यसमा विभिन्न प्रयोग गर्न सकिन्छ ।

**अन्त्यमा ?**

यो बसाई र संवादका लागि यहाँप्रति आभारी छु। यहाँहरूको लोकप्रिय यस पत्रिकाको सम्पूर्ण टिमलाई धन्यवाद दिन चाहन्छु नेपाली गीत संगीत र मेरा केही भनाइ राख्ने मौका दिनुभएकोमा । नेपाली मौलिक गीतलाई माया गरौ, यसको संरक्षण र सम्बर्द्धनमा लागौं भन्न चाहन्छु । यसमा यहाँहरू सबैको सहयकार्य जरुरी रहेको ठान्दछु । जय गीत संगीत । धन्यवाद ।



**अन्तर्वार्ता**
**शैलाप वाईबा (पञ्चमान तामाङ)**

# पत्रकार कार्कीद्वारा रचित स्वदेश गानको चौथो सुटिङ सम्पन्न



काठमाडौं/मस- जनआकाश साप्ताहिकका प्रधान सम्पादक मोहन कार्कीद्वारा रचना गरिएको 'आउन साथी आउ' बोलको स्वदेश गान प्रज्ञा भवनको प्राङ्गणमा सुटिङ गरिएको छ । सुटिङ शनिबार सम्पन्न भएको हो । तेस्रो चरणको सुटिङ रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नं ८ मा गरिएको थियो भने अन्य विभिन्न जिल्लामा भुगोलको सुटिङ सकिसकेको छ ।

चौथो चरणको सुटिङमा रचनाकार कार्कीले पनि संयुक्त अभिनय गरेको भिडियोमा वरिष्ठ कलाकार उत्तम केसी, वरिष्ठ तथा चर्चित हास्य व्यंग्य कलाकार सुवास गजुरेल, चर्चित नायक सित्तल केसी, कलाकार तथा निर्माताहरु लक्ष्मीनाथ तिमिल्सिना, बिजेन्द्र नौवागेका अलवा कलाकारहरु सविता खड्का, गायत्री पाण्डे, कल्पना कार्की, प्रतिक्षा राई, श्रुती कार्की, सोनिका मगर, प्रतिषा तामाङ, आर्य शाही ठकुरी, उद्धवलाल श्रेष्ठ, श्री कार्की रहेका छन् ।

उक्त गीतको सुटिङको कोरियोग्रफी तथा निर्देशन प्रेम शर्मा पौडेलले गरेका छन् भने विजय जिरेलले छायांकन गरेका छन् । रामेछापमा भएको सुटिङको छायांकन रामेछाप पत्रकार महासंघका रामचन्द्र विकले गरेका छन् । सुटिङको व्यवस्थापन अपना श्रेष्ठले गरेकी छन् भने अभिनयको लागि रामेछाप नगरपालिकाको महिलाहरुले सहजीकरण गरेका छन् ।

उक्त स्वदेश गानको भिडियो जनआकाश साप्ताहिकको १५ औं वार्षिकोत्सव पारेर साउन ३१ गते भव्य कार्यक्रम गरी विमोचन गराउने जनआकाश मिडियाको तयारी रहेको जनआकाश मिडियाका अध्यक्ष मोहन कार्कीले बताएका छन् ।

'आउन साथी आउ' स्वदेश गानको संगीत संयोजन रामकृष्ण थापाले गरेका हुन् भने विनोद दनुवारले गाएका छन् । उनलाई संयुक्त गायनमा मनु दाहाल, उषा गजुरेल, रमेश पाठकलगायतले साथ दिएका छन् ।

उक्त स्वदेश गानाको रेकर्डिङ वेभ स्टिुडियो नेपाल अनामनगरले गरेको छ । रेकडिस भने समिर कार्की रहेका छन् । देशभक्ति भावनाले ओतप्रोत गीतले आम नेपालीहरुलाई देशप्रतिको भावना जागृत गर्नुको साथै हरेक क्षेत्रमा रहेका नेपालीहरुलाई देशसँग जोडेर उत्साह भर्ने उद्देश्यले लेखिएको छ ।

# जेनिशाको स्वरमा 'महँगीले मार्‍यो बरी लै'




काठमाडौं/मस- जेनिशा गौतमको स्वरमा 'महँगीले मार्‍यो बरी लै' बोलको नयाँ गीतको भिडियो सार्वजनिक भएको छ । हालै युट्युबमार्फत सार्वजनिक भएको गीतमा असोक गुरुङको शब्द, सुवास भुसालको संगीत रहेको छ । गीतका एरेन्जर उदय राज पौडेल हुन् । गीतमा महिलाहरुको महान पर्व हरितालिका तिजमा महँगीले नेपाली चेलीलाई पारेको प्रभावलाई चित्रण गरेको छ ।

'महँगीले मार्‍यो बरी लै' गीतलाई गायिका, मोडल तथा समाजेसेवी जेनिशा गौतमले निर्माण गरेकी हुन् । हाल जेनिशा अष्ट्रेलियामा बस्दै आएकी छिन् । उनी विदेशमा रहेर पनि नेपाली गीतसंगीतमा टेवा पुर्‍याउँदै आएकी छिन् । जेनीशा गौतम विभिन्न गीतमा गायन तथा मोडलिङसहित कलाकारितामा पनि परिचित छिन् । त्यस्तै उनले सामाजिक एवं परोपकारी कार्यहरु पनि गर्दै आएकी छिन् ।

पवन सुसिलिङ्गको छायांकन तथा सम्पादन र दिपक आचार्यको निर्देशन भिडियोमा रहेको छ । गीतको भिडियोमा सामरिका, स्मारिका, विनु अधिकारी र रश्मी पाण्डेको अभिनय रहेको छ । साथमा बाल कलाकारहरु काव्या बास्कोटा र कृलाभा बास्कोटाको समेत अभिनय देख्न सकिन्छ ।

# पोस्टरमा 'म'

काठमाडौं/मस- कान्तिपुर फिल्म एकेडेमीले पहिलो पटक निर्माण गरेको फिल्म ' म'को दुईवटा पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा नव-अभिनेता संजोग रसाइलीलाई केन्द्रमा राखिएको छ । उनको लुक्सले कौतुहलता पैदा गर्छ । फिल्मका अन्य कलाकारहरु सरोज खनाल, निशा अधिकारी, रुविना थापा, निराजन प्रधान, सविन श्रेष्ठ, नरेन खड्का, सरिता लामिछाने र पुनम श्रेष्ठलाई पनि पोस्टरमा स्थान दिइएको छ ।

दुईवटै पोस्टर हस्पिटलको सेटिङ्ग प्लेस्मेन्ट गरेर ब्लू टोनमा तयार पारिएको छ भने स्याडोमा सबै क्यारेक्टरहरुको रिफ्लेक्सन राखिएको छ । राकेश दाहालले डिजाइन गरेको पोस्टरले फिल्म सस्पेन्स कथामा निर्माण भएको बझाउँछ । गत महिना सार्वजनिक भएको टिजरले दर्शकमा फिल्मप्रति कौतुहलता जगाएको थियो । टिजर र पोस्टर दुवै 'रेगुलर' फिल्मभन्दा फरक देखिएको छ ।

टिजरको आधारमा कोही एक क्रिमिनल विरामी भएर हस्पिटलमा भर्ना हुन्छ र उसले त्यहाँबाट कुनै ठूलो प्लानलाई अपरेसन गर्छ । तर, उसले बनाएको प्लान के हो र के गर्छ भन्ने चाहिँ टिजरमा पनि सस्पेन्स छोडिएको छ ।




टिजर हेर्दा हस्पिटलको एउटै लोकेशनमा कथाको अधिकांश दृश्य सकिएको देखिन्छ । साउन २० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मका निर्देशक सुवर्ण थापा हुन् ।

तेन्जिङ्ग पाल्देनको छायांकन र बनिश शाहको सम्पादन रहेको फिल्मको निर्मातामा बिमला हुमागाईं र पदम पुरी छन् । कान्तिपुर सिनेमाजको प्रोडक्सन र कान्तिपुर फिल्म एकेडेमीको प्रस्तुतिमा निर्माण भएको फिल्मको क्रियटिभ निर्माता तथा लेखक प्रकाश पुरी हुन् । फिल्म बनाउन सिकाउने स्कुलले निर्माण गरेका कारण ' म'को विषयवस्तु र प्रस्तुतीकरण केही नयाँ र फरक हुने अपेक्षा गरिएको छ ।

# एसियाली खेलकुदको प्रशिक्षण निरन्तर : सदस्य सचिव घिसिङ




**काठमाडौं/मस-** राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले एसियाली खेलकुद स्थगन भए पनि भोलि नै प्रतियोगिता हुन्छ भन्ने लक्ष्यसाथ खेलाडीको प्रशिक्षणलाई निरन्तरता दिने बताएका छन् ।

नेपाल स्ट्रेन्थलिफ्टिङ महासंघको आयोजनामा शनिबारबाट काठमाडौंमा शुरु प्रथम राष्ट्रिय खुला स्ट्रेन्थलिफ्टिङ तथा इन्क्लाइन बेन्चप्रेस प्रतियोगिताको उद्घाटन गर्दै सदस्य सचिव घिसिङले जुनसुकै मितिमा एसियाली खेलकुद भए पनि नेपाली खेलाडी तयारी अवस्थामा रहनुपर्ने बताए ।

राखेपको कभर्ड हलमा दुई दिनसम्म चल्ने प्रतियोगिताको उद्घाटनपछि सदस्य सचिव घिसिङले खेलाडीमा स्ट्रेन्थ निकै आवश्यक भएको र राखेपले पहिलो पटक फिजिकल परीक्षण गरेको जानकारी दिए।

घिसिङले अहिले पनि एसियाली खेलकुदका लागि २३ वटा खेलको विशेष बन्द प्रशिक्षण भइरहेको जानकारी गराउँदै नेपालमा स्ट्रेन्थलिफ्टिङ तथा इन्क्लाइन बेन्चप्रेसलाई अघि बढाउन राखेपले आवश्यक सहयोग गर्नेसमेत बताए ।

पहिलो पटक काठमाडौंमा आयोजना हुन लागेको प्रतियोगितामा देशभरका ७५ भन्दा बढी खेलाडीले सहभागिता जनाएका छन् । प्रतियोगितामा महिला र पुरुष खेलाडीले तीन स्पर्धामा प्रतिस्पर्धा गर्दै छन् र विभिन्न तौल समूहले प्रतिस्पर्धा हुँदै छ ।

पहिलो दिनको खेलमा विभिन्न तौल समूहका खेल सम्पन्न भए । आयोजकले तौल उचालेको आधारमा आइतबार मात्र नतिजा घोषण गर्नेछ । तीनै स्पर्धाबाट समग्रको विजेताले किर्गिस्तानमा हुने विश्वच्याम्पियनसिपमा सहभागिता जनाउने आयोजकले जानकारी दियो । खेलाडीलाई संघको आफ्नै खर्चमा सहभागी हुन पठाइनेछ ।

प्रतियोगितामा महिलातर्फ ५८ केजी, ६५ केजी र ६५ माथिको तौल समूहमा प्रतिस्पर्धा हुँदै छ भने पुरुषतर्फ ६ तौल समूहमा प्रतिस्पर्धा हुँदै छ । यस्तै मार्स्टसतर्फ ६५ केजी र ८५ केजी माथिको स्पर्धापमा प्रतिस्पर्धा हुँदै छ ।

# रेस्लर भगवतीको नेतृत्वमा स्पोर्ट्स युनियन




**काठमाडौं/मस-** रेस्लर भगवती खड्का (युनिका) को नेतृत्वमा ७ सदस्यीय भक्तपुर जिल्ला स्पोर्ट्स युनियन नेपालको शनिबार गठन भएको छ ।

जि फन्टका अध्यक्ष समेत रहेको मदन भण्डारी स्पोर्ट्स एकेडेमीका पूर्व अध्यक्ष विनोद श्रेष्ठ, स्पोर्ट्स युनियन नेपालका केन्द्रीय अध्यक्ष प्रदेश सांसद् सीता लामा, केन्द्रीय महासचिव सुदिप शर्मालगायतको उपस्थितिमा बालकोटस्थित रेडक्रसको भवनमा भएको भेलाले भगवतीको अध्यक्षतामा ७ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको हो ।

युनियनको उपाध्यक्ष क्रिकेटका सुसन श्रेष्ठ, सचिवमा क्रिकेटका पवन पौडेल र कोषाध्यक्षमा क्रिकेटका सञ्जय बस्नेत रहेका छन् । सदस्यमा करातेका श्रीकिसुन साह, क्रिकेटका सुरजरत्न शाक्य र करातेका हीरा तामाङ चयन भए ।

विभिन्न ६ जिल्लामा युनियन गठन भइसकेको अध्यक्ष लामाले जानकारी दिइन् । यसअघि मकवानपुर, उदयपुर, ललितपुर, काठमाडौं र रुपन्देहीमा कार्यसमिति गठन भइसकेको बताइएको छ ।

अध्यक्ष श्रेष्ठले पदाधिकारीलाई बधाइ दिदै सफल कार्यकालका लागि शुभकामना दिए । अध्यक्ष लामाले मुख्यत: खेलाडीको श्रम सम्बन्धी विषयवस्तुमा केन्द्रीत रहेर कार्य गर्न कमिटी गरिएको बताइन् ।

# ऋत र ग्रिनल्यान्ड सेमिफाइनलमा




**काठमाडौं/मस-** ऋत एकेडेमी 'ए' र ग्रिनल्यान्ड 'बी' प्रथम एन्जल्स एसइइ कप थ्री अन थ्री छात्र बास्केटबल प्रतियोगितामा शनिबार सेमिफाइनलमा प्रवेश गरेका छन् ।

एन्जलस हार्ट मावि र कलेजको संयुक्त आयोजनामा भएको प्रतियोगितामा ऋत 'ए' ले महामञ्जुश्रीलाई १०-८ ले पराजित गऱ्यो । ग्रिनल्यान्ड 'बी' ले न्यु जेनिथ 'ए' लाई ८-७ ले हरायो ।

मनमैजुस्थित आयोजकको कोर्टमा भइरहेको प्रतियोगितामा नवज्योति र न्यु जेनिथ 'बी' ले पनि सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

नवज्योतिले ऋत 'बी' लाई ७-४ तथा न्यु जेनिथ 'बी' ले लालीगुराँसलाई ८-७ ले पाखा लगाए । सेमिफाइनलमा नवज्योतिको भेट न्यु जेनिथ 'बी' संग हुनेछ भने ऋत 'ए' ले ग्रिनल्यान्ड 'बी' को सामना गर्ने छ।

प्रतियोगिताको एन्जल्स हार्ट कलेजका प्रिन्सिपल दिलबहादुर बुढाथोकीले एक कार्यक्रमबीच उद्घाटन गरे । विजेताले १० हजार र उपविजेताले ७ हजार नगद पुरस्कार प्राप्त गर्ने छन् । विजेता, उपविजेता र सहभागी टिमका खेलाडीलाई एन्जल्स हार्टमा छात्रवृत्तिको पनि व्यवस्था छ । आइतबार सम्पन्न हुने नकआउट प्रतियोगितामा ६६ टिम सहभागी छन् ।

# एरिक्सन युनाइटेडमा अनुबन्धित




**काठमाडौं/एजेन्सी-** क्रिस्टियन एरिक्सन आफ्नो खेल जीवनलाई फेरि एक पटक प्रमाणित गर्न चाहिरहेका छन् । त्यहि लक्ष्य पुरा गर्नका लागि उनले म्यानचेस्टर युनाइटेडसँग औपचारिक रुपमै ३ वर्षको सम्झौता गरेका छन् ।

एक वर्ष अघिको मात्र प्रसंग हो उनी जीवन मरणको दोसाँधमा पुगेका थिए । युरो २०२० को उद्घाटन खेलमा डेनमार्क र फिनल्याण्ड खेलिरहँदा उनी अचेत भएर मैदानमा ढलेका थिए । त्यसपछि उनी लामो समय मैदान बाहिर रहेका थिए ।

'मैले श्रीमतीलाई सन्यास लिने बताएको थिएँ,' उनले पुराना दिन स्मरण गर्दै भने,' तर मैले यदि मेरो विचार बदलें भने त्यसमा आश्चार्य नहुनु पनि भनेको थिएँ ।'

आयाक्स र टोटेनहमका पूर्व मिडफिल्डर इरिक्सनले उपचारका क्रममा राखिएको उपकरणका कारण सिरि ए भने नखेल्ने भए । त्यसैको परिणाम स्वरुप इरिक्सन र इन्टर सम्झौता तोड्न तयार भए । त्यसले फेरि उनलाई एक पटक प्रिमियर फर्कन मद्दत गर्यो ।

अचेत भएर मैदानमा ढलेको आठ महिनापछि उनी प्रिमियर लिगमा फर्कने क्रममा ब्रेनफोडमा आबद्ध भए । जहाँ ११ खेल खेल्ने क्रममा उनले एक गोल र ४ एसिस्ट गरेका थिए । उनी अझै माथिल्लो स्तरमा खेल्न सक्ने प्रमाणित भएसँगै अहिले युनाइटेडमा आबद्ध भएका छन् ।

'युनाइटेड विशेष क्लब हो । सुरुवातका लागि म प्रतीक्षा गर्न सक्दिन,' एरिक्सनले भने, 'धेरै पटक ओल्डट्राफडमा खेलेको छु त्यसमा गर्व छ । युनाइटेडको जर्सीमा खेल्ने साच्चै अद्भुत अनुभव हुनेछ ।'

'क्रिस्टियन युरोपका उत्कृष्ट मिडफिल्डर मध्येका एक हुन् ,' युनाइटेडका खेलकुद निर्देशक जोन मोर्टगले भने, 'उनीसँग धेरै विकल्प थिए । युनाइटेड उनका लागि सहि क्लब हो भन्ने सम्झाउन सकेकोमा हामी खुसी छौं ।'

मोर्टगले उनको प्राविधिक क्षमताको पनि तारिफ गरेका छन् । 'उनको अनुभवले टोलीलाई फाइदा पुग्नेछ । उनीसँग नेतृत्व गर्ने क्षमता छ,' उनले भने, 'त्यसको फाइदा क्लबलाई पुग्नेमा हामी विश्वस्त छौं ।'

# नेदरल्यान्ड्स र जिम्बावे विश्वकपमा



**काठमाडौं/एजेन्सी-** आगामी अक्टोबर र नोभेम्बरमा अष्ट्रेलियामा हुने टि-२० विश्वकपको लागि जिम्बावे र नेदरल्यान्ड्स छनोट भएका छन् । आइसिसी विश्वकप छनोट अन्तर्गत समुह बी बाट घरेलु टोली जिम्बावे र नेदरल्यान्ड्सले अष्ट्रेलियाको टिकट काटेका हुन् ।

सेमिफाइनलमा नेदरल्यान्ड्सले अमेरिकालाई सात विकेट तथा जिम्बावेले पपुवा न्युगिनीलाई २७ रनले हराउँदै फाइनलमा स्थान बनाए । जसका कारण दुबै टिमको बिश्वकपमा पुग्न सफल भए ।

पहिलो सेमिफाइनलमा जम्बावेले पहिले ब्याटिङ गर्दै निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै एक सय ९९ रन बनाएको थियो । उसका लागि विल्सी मधेभेरेले ४२ रन बनाए भने कप्तान क्रेग एर्विनले ३८ तथा रेजिस चकभा ३० रनको योगदान गरे । यस्तै मिल्टन शुम्बा २९ तथा सिकन्दर राजा र सेन विलियम्सले समान २२-२२ रनको योगदान दिए ।

जवाफमा पपुवा न्युगिनी २० ओभरमा आठ विकेट गुमाउँदै एक सय ७२ रनमा रोकियो । पिएनजीका लागि टोनी उराले ६६ रन बनाउँदा चार्ल्स अमिनी ३१ र राइली हेकुरे १७ रन बनाए ।

अर्को सेमिफाइनलमा टस जितेर पहिला ब्याटिङ गरेको अमेरिकाले १९ ओभर चार बलमा एक सय ३८ रनमा अल आउट भयो । अमेरिकाका लागि मोनाकं पटेल ३२ रन बनाउँदा स्टिभ टेलर २६ र निसर्ग पटेल २८ रन बनाए ।

एक सय ३९ रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्सले १९ ओभरमा ३ विकेट गुमाउँदै पूरा गर्यो । उसका लागि बास डी लिडे ९१ रन बनाए भने कप्तान स्कट एडवार्ड २६ र म्याक्स ओडआउड १६ रनको योगदान गरे । नेदरल्यान्ड्स समूह बी र जिम्बावे ए बाट अपराजित रहँदै अन्तिम चारमा पुगेका थिए ।

# लेवान्डोस्की बार्सिलोना जाने



पोलिस स्ट्राइकरले सम्झौता एक वर्ष बा'की रहदै जर्मन क्लब छाड्ने भएका हुन् । ३३ वर्षीय लेवान्डोस्कीको बायर्नसँगको सम्झौता २०२३ सम्म रहेको छ ।

**काठमाडौं/एजेन्सी-** स्पेनिस क्लब बार्सिलोनाले स्ट्राइकर रोबर्ट लेवान्डोस्कीलाई अनुबन्ध गर्ने पक्का भएको छ। लेवान्डोस्की अनुबन्धका लागि जर्मन क्लब बायर्न म्युनिख र बार्सिलोनाबीच सहमति बनेको छ ।

बायर्नका अध्यक्ष हेर्बर्ट हेइनरले लेवान्डोस्की स्पेनिस क्लब जाने पुष्टि गरेका छन् । पोलिस स्ट्राइकरले सम्झौता एक वर्ष बाँकी रहदै जर्मन क्लब छाड्ने भएका हुन् । ३३ वर्षीय लेवान्डोस्कीको बायर्नसँगको सम्झौता २०२३ सम्म रहेको छ ।

बार्सिलोनाले लेवान्डोस्कीसँग तीन वर्षको सम्झौता गर्ने बताइएको छ । लेवान्डोस्कीले गत सिजन बायर्नका लागि ४६ खेलमा ५० गोल गरेका थिए ।

यस्तै इङ्ल्यान्डका फरवार्ड रहिम स्टर्लिङले इङ्लिस प्रिमियर लिगको क्लब चेल्सीसँगको अनुबन्ध प्रक्रिया पूरा गरेका छन् । म्यानचेस्टर सिटीका फरवार्ड स्टर्लिङ ५ करोड पाउण्डमा चेल्सीसँग अनुबन्ध भएका हुन् ।

सम्झैताअनुसार २७ वर्षीय स्टर्लिङ अब स्ट्यामफोर्ड ब्रिजमा पाँच वर्षसम्म रहनेछन् । सिटीले सन् २०१५ मा स्टर्लिङलाई लिभरपुलबाट ४ करोड ९० लाख पाउण्डमा अनुबन्ध गरेको थियो । स्टर्लिङले सिटीबाट ३३९ खेलमा १३१ गोल गर्दै चार प्रिमियर लिग उपाधि जितेका थिए । स्टर्लिङले इङ्ल्यान्डले ७७ खेल खेलिसकेका छन् । चेल्सीका प्रशिक्षक थोमस टुचेलले टोड बोहलीले क्लबको स्वामित्व लिएपछि पहिलो खेलाडी अनुबन्धका रुपमा स्टर्लिङलाई अनुबन्ध गरेको हो ।

यसैबीच, चेल्सीले नापोलीका रक्षक कालिडो कोउलिबाली र सिटीकै सेन्टर ब्याक नाथन एकेलाई अनुबन्ध गर्ने तयारी गरिरहेको छ ।

त्यस्तै इंग्लिस प्रिमियर लिग क्लब चेल्सीले सेनेगलका डिफेन्डर कालिडोउ कुलीबालीलाई अनुबन्ध गरेको छ । चेल्सीले इटालियन क्लब नापोलीबाट डिफेन्डर कालिडोउलाई अनुबन्ध गरेको हो । चेल्सीले शनिबार डिफेन्डरलाई अनुबन्ध गरिएको जनाएको छ ।

कालिडोउले चेल्सीसँग ४ वर्षको सम्झौता गरेका छन् । ३१ वर्षीय डिफेन्डर कालिडोउ २०१४ मा जेन्कबाट नापोली आएका थिए । नापोलीका लागि उनले ३ सय १७ खेल खेलिसकेका छन् । सेनेगलका लागि उनले ६२ खेल खेलेका छन् ।

# न्युजिल्याण्डको क्लिन स्विप



**काठमाडौं/एजेन्सी-** घरेलु टोली आयरल्याण्डविरुद्धको तीन खेलको एकदिवसीय सिरिज न्युजिल्याण्डले क्लिन स्विप गरेको छ । डुबलिनमा शुक्रबार राति भएको तेस्रो तथा अन्तिम एकदिवसीयमा १ रनको जित निकाल्दै न्युजिल्याण्डले तीन खेलको सिरिज ३-० ले जितेको हो ।

न्युजिल्याण्डले दिएको ३ सय ६१ रनको लक्ष्य पछ्याएको घरेलु टोलीले ५० ओभरमा ९ विकेट गुमाएर ३ सय ५९ रन मात्र बनाउन सक्यो ।

घरेलु टोलीका पाउल स्टर्लिङ र ह्यारी टेक्टरले शतकीय इनिङ खेले ।

स्टर्लिङले १ सय २० तथा टेक्टरले १ सय ८ रन बनाए । एन्डी म्याकबेर्नीले २६ तथा गारिथ डिले र जर्जी डकरिलले समान २२/२२ रन बनाए । न्युजिल्याण्डका म्याट हेनरीले ४ तथा मिचेल स्यान्टेनरले ३ विकेट लिए ।

त्यसअघि पहिले ब्याटिङ गरेको न्युजिल्याण्डले ५० ओभरमा ६ विकेट गुमाएर ३ सय ६० रन बनाएको थियो ।

न्युजिल्याण्डका लागि मार्टिन गुप्टिलले १ सय १५ रनको शतकीय इनिङ खेले । हेनरी निकोलसले ७९, ग्लेन फिलिप्सले ४७ तथा फिना एलेनले ३३ रन बनाए ।

घरेलु टोलीका जोस लिटिलले २ विकेट लिए । अब दुई टोलीबीच तीन खेलको टी-ट्वान्टी सिरिज हुनेछ ।

बीमा समितिले गत चैतमा बीमा कम्पनीहरूको चुक्ता पुँजी वृद्धि गर्ने नीति अगाडि बढायो । जसमध्ये जीवन बीमा कम्पनीको चुक्ता पुँजी ५ अर्ब र निर्जीवन बीमा कम्पनीको चुक्ता पुँजी साढे २ अर्ब हुनुपर्ने मापदण्ड समितिले तोक्ने काम गऱ्यो । सोअनुसार समितिले कम्पनीहरुलाई पुँजी वृद्धिको निमित्त आवश्यक योजना पेश गर्न निर्देशन दियो । बीमा कम्पनीहरुले पुँजी वृद्धिको विकल्पको रूपमा मर्जर र एक्विजिसन पहिलो विकल्पको रूपमा प्रयोग गर्नुपर्ने र नपूग अवस्थाको लागि हकप्रद सेयर जारी गर्न सकिने अवसर प्राप्त गरे । बीमा कम्पनीहरुले आगामी चैतसम्ममा समितिले तोकेअनुसार पुँजी वृद्धि गरिसक्नुपर्ने समय सीमा रहेको सन्दर्भमा आर्थिक वर्ष ०७८/०७९ को अन्तिमसम्ममा नै १७ वटा कम्पनीहरुले मर्जरको विषयलाई अगाडि बढाएका छन् । बीमा कम्पनीहरुको पुँजी वृद्धि गर्ने योजनामा समितिले ठुलो सफलता हासिल गर्न पुगेको छ । यसले नेपाली बीमा क्षेत्रमा नयाँ तरंग सिर्जना गरेको छ । प्रस्तुत छ यिनै समसामयिक विषयहरुमा केन्द्रीत रहेर बीमा समितिका अध्यक्ष **सुर्यप्रसाद सिलवाल**सँग मध्यान्ह दैनिकका लागि **नारायण अर्याल**ले गरेको कुराकानीको सम्पादित अंश :

# सबै कम्पनीहरु मर्जरमा आउँछन् भन्नेमा विश्वास छ



सुर्यप्रसाद सिलवाल
अध्यक्ष, बीमा समिति

**■ सबल बीमा कम्पनीहरु बनाउने मुख्य उद्देश्यअनुरूप अगाडि बढेको मर्जरको आजसम्मको अवस्था हेर्दा बीमा समिति सफल भएको हो भन्न सकिन्छ ?**

पुँजी वृद्धि भन्ने कुरा सम्बन्धित बीमा कम्पनीले बजारमा कति जोखिम लिन्छ, उसको कति नेटवर्थ छ र उसको कति कारोबार छ भन्नेमा भर पर्छ । अहिलेको सन्दर्भमा बजारमा ३० प्रतिशत वृद्धिदरको अवस्था थेग्नको लागि पुँजीको वृद्धि गर्नुपर्ने कुरा अनिवार्य बनेको छ । जोखिम उठाउँदै जाने तर पुँजी वृद्धि गर्नेतर्फ ध्यान नदिने हो भने त ठुलो समस्या आउन सक्छ, अथवा भोलिका दिनमा बिमितले पैसा नै नपाउन सक्ने अवस्था बन्न सक्छ । बजार घट्ने अवस्था आउनसक्छ ।

यसले गर्दाखेरी पुँजी बढाउनपर्ने कुरा त अनिवार्य नै थियो । त्यसैले हामीले आगामी चैतसम्ममा पुँजी वृद्धि गर्नुपर्ने भन्ने विषय अध्ययन गरेर नै राखेको विषय हो । पुँजी वृद्धिको सन्दर्भमा हामीले कम्पनीहरुसँग तपाईंहरुले कसरी पुँजी वृद्धि गर्नुहुन्छ भनेर पनि सोधेका थियौं । उहाँहरुले स्वतःस्फुर्त रूपमा मर्जरको विषयलाई एउटा विकल्पको रूपमा अगाडि सार्नुभएको थियो । यो हामीले सारेको भन्दापनि उहाँहरुले पुँजीवृद्धिको लागि अगाडि सारेको विकल्प हो ।

मर्ज नै एउटा मुख्य विकल्प हुनुको कारण के थियो भने बजारमा लगानीयोग्य तरलताको अभावको कारणले पनि पुँजीवृद्धि गर्न सहज अवस्था थिएन् । अहिलेको अवस्थामा प्रोमोटरले सहज हिसाबले थप पैसा हाल्न सक्दैन । त्यसैले मर्जर नै एउटा मुख्य विकल्प थियो र यसलाई हामीले अगाडि बढायौं । कम्पनीहरुलाई विभिन्न किसिमका सुविधा पनि दियौं । आजको दिनसम्म जीवन बीमा कम्पनीहरु मध्ये ८/९ वटा र अन्य बीमा कम्पनीहरुको पनि ७/८ वटाको मर्जरको निम्ति कमिटमेन्ट आइसकेको छ । अझैपनि कमिटमेन्ट आउने क्रम बाँकी नै छ । भोलि पर्सिका दिनमा पनि आउला । आजको दिनबाट हिमालय र एभरेष्ट मर्जर भएर एकीकृत कारोबार नै शुरु गर्दैछन् ।

मर्जरको विषयले बजारमा बीमा कम्पनीहरुको संख्या घट्ने र उनीहरुको क्षमता बढ्ने अवस्थाको सिर्जना हुँदैछ । यसले भोलिका दिनमा कम्पनीहरुको भोलिको दिनमा थप विश्वसनीयताको अवस्था सिर्जना हुने र अझ बढी कारोबार गर्न सक्ने अवस्थाको पनि सिर्जना हुन्छ । कम्पनीहरु मर्ज हुँदा उनिहरुको नेटवर्क क्षमता बढ्न गई कारोबार पनि बढ्ने अवस्था आउँछ । यी सबै कुराले बीमाको बजार विश्वसनीय हुन्छ र हामीले गर्न खोजेको पनि यहि नै हो ।

**■ खासगरी समितिले बीमा कम्पनीहरुलाई सबल बनाउन खोजेको थियो, तर कार्यान्वयनको प्रकृयामा धेरै बीमा कम्पनीको संख्यासमेत कटौती हुने अवस्था सिर्जना हुन पुग्यो नी !**

यो पनि जरुरी थियो । हाम्रो बजारमा कतिवटा बीमा कम्पनी चाहिन्छ भन्ने कुराको कुनै अध्ययन नै भएन । बीमा कम्पनीको लाइसेन्स मात्रै बाँडियो । त्यसले गर्दाखेरी असाध्यै धेरै संख्यामा बीमा कम्पनीहरु भए । धेरै संख्यामा भएपछि अस्वस्थ प्रकारको प्रतिस्पर्धा हुने नै भयो । यसले गर्दाखेरी बजारमा बीमाको विश्वसनीयता पनि घट्यो कारोबार पनि बढाउन सकेनन् । यो कारणले गर्दापनि राम्रो देखिएको थिएन । अब मलाई लाग्छ, सुधारको पाटोहरु शुरु हुन्छन् । अहिले सबै कम्पनीहरुलाई हामी पनि किन ठुलो नहुने भन्ने परेको । भोलिका दिनमा २/४ वटा ठुला कम्पनीसँग पनि मर्ज हुन सक्छ । मलाई लाग्छ भोलिका दिनमा मर्ज हुने संख्या अझ बढ्दै जान्छ ।

**■ आजबाट नयाँ आर्थिक वर्षको प्रारम्भ भएको छ । अहिलेसम्म समितिसमक्ष मर्जरको निम्ति प्रस्ताव लिएर आएका संस्थाको विषयमा त तपाईंले भनिसक्नुभएको छ । के नयाँ आर्थिक वर्षमा पनि नयाँ स्किम ल्याएर मर्जरको निम्ति वातावरण तयार गर्न समितिले भूमिका खेल्छ ?**

समितिले दिने स्किम भनेको भौतिक सुविधा हो । आर्थिक सुविधा हामीले दिन सक्दैनौं । किन भने यो भनेको सरकारले मात्रै गर्न सक्ने विषय हो । तथापी हामीसँग भएका कुराहरु उपलब्ध गराउँदा मर्जरको निम्ति उहाँहरुलाई सहयोग पुऱ्याउँछ भने पक्कैपनि हामी त्यो काम गर्छौं । त्यस्तै गत आवको अन्तिम दिनसम्म आवेदन गर्नेहरुलाई सहुलियत दिने कुरा आर्थिक ऐनमा व्यवस्था भएको सन्दर्भमा आज भोलिका दिनमा पनि मर्जको निम्ति आउनेहरुलाई लक्षित गरेर आवश्यक सहयोग गर्नुपऱ्यो भनेर पनि हामीले सरकारलाई भन्छौं । हामीले समितिको तर्फबाट गर्नसक्ने गर्छौं ।

**■ अहिले बीमा समितिले जुन योजनावद्धरूपमा बीमा कम्पनीहरुको सबलीकरणको निम्ति पुँजी वृद्धिको कार्यक्रम अगाडि सार्‍यो र त्यसको एउटा मुख्य विकल्पको रूपमा मर्जर कार्यक्रम सफलतापूर्वक अगाडि बढिरहेको छ । यो अहिलेको सन्दर्भमा विश्व बीमा क्षेत्रमा नै नमूनाको रूपमा कार्यान्वयन हो भनिएको छ । के त्यसरी लिन सकिन्छ ?**

> मर्ज नै एउटा मुख्य विकल्प हुनुको कारण के थियो भने बजारमा लगानीयोग्य तरलताको अभावको कारणले पनि पुँजीवृद्धि गर्न सहज अवस्था थिएन् । अहिलेको अवस्थामा प्रोमोटरले सहज हिसाबले थप पैसा हाल्न सक्दैन । त्यसैले मर्जर नै एउटा मुख्य विकल्प थियो र यसलाई हामीले अगाडि बढायौं ।

नेपालको बीमा कम्पनीहरुको ७० वर्षको इतिहासमा त यो पहिलोपटक नै हो । यो मैले मात्रै गरें भनेर पनि क्रेडिट लिन चाहन्न, किनकी, यो सबैले गरेर भएको विषय हो । यो आवश्यकताको रूपमा पनि अगाडि आएको थियो । मिडियाले पनि महत्वपूर्ण ढंगले सहयोग गरेको छ । यसले बजारलाई राम्रो र विश्वसनीय बनाउँछ । हामीले खोजिरहेको ठाउँमा बीमालाई पुऱ्याउँछ । धेरै मानिसहरुलाई बीमा क्षेत्रको दायरामा आउनको लागि उत्प्ररित वातवारणको निर्माण गर्छ ।

अहिले सरकारलाई पनि बलियो बीमा क्षेत्रको आवश्यकता महशुस भएको छ । जसकारणले सरकारले बजेटमार्फत समेत सो विषयलाई सम्बोधन गर्ने गरेको छ । विश्वको कुनै पनि मुलकको सरकारले सबै जोखिम एक्लै बहन गर्नसक्छु भन्दैन । जोखिमलाई ट्रान्सफर गर्ने जुन संरचना छ, यसलाई थप व्यवस्थित बनाउनको लागि सबै तहको सरकारले आवश्यक काम गर्नुपर्छ । सरकारले निश्चित वर्गलाई लक्षित गरेर दिने आर्थिक सहायताबाट बीमा गर्ने कार्यक्रम सञ्चालन गर्नसक्छ । यसरी जाने हो भने सबैलाई लाभ पुऱ्याउन सकिन्छ । अप्ठ्यारो परेको बेलामा बीमाबाट पैसा पनि पाइन्छ । गरीव थप गरिब हुनबाट बच्छ । बीमाको लक्ष्य भनेको नै यही हो । हामीले मुलुकमा सबल बीमा क्षेत्र निर्माण गर्नको लागि आवश्यक सही कदम अगाडि बढाएका छौं भन्न सकिन्छ ।

**■ अहिले समितिको लक्ष्यअनुरूप मर्ज भएर आएका कम्पनीहरु तत्काल गर्नुपर्ने कामहरु के–कस्ता छन् र ती कामहरुमा बीमा समितिको भूमिका के–कस्तो रहन्छ ?**

अब हाम्रो भूमिका भनेको यिनीहरुलाई कसरी सफल बनाउने, अझै कसरी थप विस्तारित बनाउने, कसरी शुसासन भित्र राखिरहने, कसरी क्षमता अभिवृद्धि गर्ने, आदि जस्ता कामहरु गर्नुपर्ने हुन्छ । बीमाको बजारमा नकरात्मक प्रकारका छापहरुलाई अन्त्य गर्नको लागि विभिन्न नीतिगत र व्यहारिक प्रकृयाबाट भूमिका निर्वाह गर्छौं ।

खासगरी जसले पोलीसी खरिद गर्छ तिनको हितलाई कसरी माथि लैजाने, बजारमा कसैको पनि हित खस्केपछि त्यसको विस्तारमा समस्या पैदा हुन्छ । त्यसैले लगानी गर्ने लगानीकर्ताको हित र बिमितको हित यी दुबैलाई हामीले कसरी समन्वयात्मक ढंगले अगाडि बढाउन सक्छौं भन्ने पाटोमा केन्द्रीत रहेर हामीले काम गर्ने हो ।

**■ अहिलेसम्म मर्ज हुन नसकेका बीमा कम्पनीहरु पनि छन् । पुँजी वृद्धि पनि गर्न नसक्ने र मर्ज पनि हुन नसक्ने कम्पनीहरुलाई के समितिले फोर्स मर्जरको प्रकृयामा ल्याउँछ ?**

यो विषयमा अहिले नै निर्णय लिने बेला भएको छैन् । समितिले त्यसको लागि आगामी चैतसम्म बीमा कम्पनीहरुलाई समयसिमा उपलब्ध गराएको छ । कम्पनीहरले के बुझ्नुपर्‍यो भने एउटा कम्पनी ५ अर्ब पुँजीको रूपमा स्थापित भएर अगाडि बढ्यो र अर्को कम्पनी २ अर्बमा मात्रै सिमित भएर बस्यो । यस्तो अवस्थामा ५ अर्ब पुँजी भएको कम्पनीले पो ५ अर्ब बराबरको जोखिम उठाउने हो, २ अर्ब पुँजी भएको कम्पनीले त ५ अर्बको जोखिम उठाउन पाएन नि । यो पाटोबाट हामीले हेर्छौं अब । अझैपनि सबै कम्पनीहरु मर्जरमा आउँछन् भन्ने कुरामा मलाई विश्वास छ । त्यसको लागि आवश्यक सहजिकरण र सुविधा उपलब्ध गराउने कुरामा समितिको तर्फबाट आवश्यक पहल भइरहन्छ ।

## नेपाल इयुको उडान सुरक्षा सूचीबाट कहिले हट्छ ?

काठमाडौं/रासस – नेपालले हवाई सुरक्षामा विश्वस्तरको मापदण्डअनुरुप उल्लेखनीय प्रगति हासिल गरे पनि युरोपेली सङ्घ (इयु) ले अझै पनि आफ्नो उडान सुरक्षा सूचीबाट हटाएको छैन । हवाई सुरक्षामा गम्भीर चासो औँल्याउँदै इयुले १० वर्षदेखि नेपालको हवाई उड्डयन क्षेत्रलाई उडान सुरक्षाको सूचीमा राखेको छ । नेपालले हवाई सुरक्षा अभिवृद्धिमा उल्लेख्य सुधार गरेकाले इयुले नेपाललाई उडान सुरक्षासूचीमा राखिरहनुको औचित्य नरहेको विज्ञको धारणा छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धीसागर लामिछानेले नेपालको हवाई सुरक्षा दर विश्वस्तरको भएकाले अब पनि उडान सुरक्षासूचीमा राखिरहनुको तुक नभएको बताए । उनले भने, 'हाम्रो विश्लेषणमा इयुले उडान सुरक्षा सूचीमा राख्नुपर्ने कुनै तर्क भेटेका छैनौँ, उडान सुरक्षा सुधारमा हामीले गर्नुपर्ने काम गरेका छौँ र गरिहन्छौँ, त्यसकारण इयुले सुरक्षा सूचिमा राखिरहनुपर्ने आवश्यकता देखिँदैन ।' मन्त्रालयको नागरिक उड्डयन महाशाखाका प्रमुखसमेत रहेका सहसचिव लामिछानेले नेपालको उडान सुरक्षा दर विश्वको औसतभन्दा माथि रहेकाले इयुको उडान सुरक्षा सूचीबाट नेपाल चाँडै हट्ने विश्वास व्यक्त गरे ।

नेपालले हवाई सुरक्षामा गरेको प्रगतिलाई लिएर इयुसँग प्रतिबन्ध फुकुवाका लागि पहल भइरहेको पर्यटन मन्त्रालयले जनाएको छ ।


## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी, विज्ञापनदाताहरु र व्यक्तिहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम सूचना प्रकाशित गर्दा पनि अझै भुक्तानी नगरेकोले आजको मितिबाट ७ (सात) दिन (२०७९ साउन ७ गते) भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरु र व्यक्तिहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम सूचना प्रकाशित गर्दा पनि अझै भुक्तानी नगरेकोले आजको मितिबाट ७ (सात) दिन (२०७९ साउन ७ गते) भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुविधासमेत उपलब्ध नगराइन तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं । फोन नं.: 01-4228298, 4226366
Email: madhyanhadaily59@gmail.com

## उदयपुर अस्पताल
गाईघाट, उदयपुर
प्रदेश नं. १, नेपाल

## उदयपुर अस्पतालद्वारा जनहितमा जानकारी मूलक सन्देश

**१. गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**
औलो(मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।

**यसबाट बच्ने उपाय :**
क) झुल लगाएर सुत्ने,
ख) पुरा शरीर ढाक्ने गरी लुगा लगाउने,
ग) शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
घ) घरको झ्याल तथा ढोकामा जाली राख्ने,
ङ) घर वरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
च) ढल, नाला खुल्ला नराख्ने,
छ) पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
ज) सुंगुर, बंगुर, हाँस र घोडाजस्ता पशुपंक्षीहरु व्यवस्थित ढंगले पाल्ने,
झ) मानिस बस्ने घरभन्दा पशुपंक्षीको खोर टाढा राख्ने ।



**२) चट्याङको समयमा सतर्क रहौं ।**

**चट्याङबाट बच्ने उपाय :**
क) बिजुली चम्केको बेला सतर्क रहने,
ख) विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
ग) बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
घ) सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
ङ) खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
च) सकभर अग्लो स्थानमा नबस्ने,
छ) धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।



**३) गर्मी र वर्षातको समयमा खाना खाँदा ध्यान दिऔं ।**

**यसबाट बच्ने उपाय :**
क) बासी र सडेगलेको खानेकुराहरु नखाऔं ।
ख) पाकेको खाना मात्र खाऔं ।
ग) झिङ्गा र भुसुना भन्किने नदिऔं । खानेकुरा छोपेर राखौं ।
घ) खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं ।
ङ) फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
च) सकेसम्म खुलारुपमा बेच्ने राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।


प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई–मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ